# बौद्ध पवित्र तीर्थस्थलहरू

भगवान शाक्यमुनि गौतम बुद्धको जीवनीसंग सम्बन्धित जन्म, बोधिलाभ, धर्मचक्र प्रवर्द्धन र महापरिनिर्वाण जस्ता घटनाहरूलाई अतिमहत्वका साथ लिने गरिन्छ। यी चार घटना घटेको तिथिहरूमा भगवान बुद्धको स्मरणमा पूजापाठ गर्नु, उक्त स्थानहरूको दर्शन र भ्रमण गर्नाले पुन्यलाभ गर्न सकिन्छ भन्ने बिश्वास रहेको छ। यसबारेमा बुद्ध स्वंमले वहाँको महापरिनिर्वाण हुने अन्तिम अवस्थामा आनन्दले भगवानको महापरिनिर्वाण पश्चात कस्को साहारा लिने भनि भगवानलाई सोध्नु हुँदा, माथिका चार घटना घटेका स्थानहरू लुम्बिनी, बौद्धगया, सारनाथ र कुशिनगरको दर्शन गर्नु। म त्यहाँ हुनेछु भन्नु भएको थियो। सोहि अनुसार प्रत्येक बौद्धमार्गीहरूले जिवनमा एक पटक मात्र भए पनि यो चार स्थानहरूको दर्शन गरी बुद्धज्ञान प्राप्त गर्दा जीवन सार्थक हुनेछ। साथै पवित्र चार धामको प्रत्यक्ष दर्शन गरे पछि वा बुद्धबचन त्रिपिटकको ग्रन्थहरू बाचन गरे पछि वा कुनै पनि पिटक छाप्नका लागि दान गर्नु हुने सहयोगी दाताहरू वा उपासक र उपासिकाहरू बुद्धक्षेत्र सुखवतीको हकदार हुने छन्। फेरिपनि मृत्यु हुनु भन्दा पहिला नै गर्नु पर्ने र चाहनु हुने उत्कृष्ट कर्महरू बाँकी राख्नु हुदैन। मृत्यु पश्चात गर्नु पर्ने दाह संस्कार र पिन्डकर्महरू उत्तराधिकारीहरूको कर्तब्य र दायितव हुन्।


१. **लुम्बिनी**: कपिलबस्तुको राजा शुद्धोधनको रानी महामायादेबी आफ्नो माइती देवदह जाने क्रममा सुन्दर लुम्बिनी साल बगैचामा बैशाख पूर्णिमाको दिन ६२३ इशापूर्व शाक्यमुनि गौतमको जन्म भएको थियो। त्यसैले यस स्थानलाई बुद्ध जन्मभूमि लुम्बिनी भन्दछ। यहाँ लुम्बिनी साल बगैच महामाया विहार शाक्यमुनिको शिला, अशोक पिलर, पोखरी र बिभिन्न देशका बौद्ध संस्कृति झल्किने गरी निर्माण गरिएका बौद्ध स्तुपाहरू, गुम्बाहरू बिश्वशान्तिदीप लुम्बिनी बौद्ध विश्वविद्यालय आदि रहेका छन्।

२. **बुद्धगया**: आदिम कालमा गया नामक गाउँमा सुजाता नामक महिला थियो। उनले पुत्र लाभको लागि पिपलको रूखमा भाकल गरेकी थिइन्। एक बिहना पूजा गर्न जाँदा त्यहाँ भिक्षु देखे। उनलाई देवता सम्झि सुनको पात्रमा खीर चढाए। खीर ग्रहण गरे पछि आहार त्यागेर गरेको तपस्याबाट जीर्ण भएको शरीरमा उर्जा संचार भयो। त्यसपश्चात मध्यमार्गी बाटो अपनाइ गरिएको ध्यान र साधना मार्फत बैशाख पूर्णिमाकै रात बुद्धत्व प्राप्त गर्नु भएको स्थान बुद्धगया हो। त्यहाँ महादेवी विहार, देशतिल विहार ८० फिट आग्लो बुद्धको मुर्ति, नेरन्जना नदी, डुंगेस्वरी पर्वत र सुजाता महल आदि रहेका छन्।

३. **सारनाथ**: तथागत बुद्धले आफ्नो मातृभूमि कपिलबस्तुबाट प्रबर्जित भएर आएका पञ्च बर्गिय भिक्षुहरूलाई यदि मैले बुद्धत्व प्राप्त गर्न सके भने, सर्वप्रथम तपाईँहरू पाँच जनालाई धर्मदेशना गर्ने छु भनि, संकल्प गरेका थिए। त्यही अनुरूप देवताहरूको आग्रह र अनुरोधमा पहिला आफुलाई छाडि गएका पन्च बर्गिया भिक्षुहरूलाई आफुले प्राप्त गरेको बुद्धज्ञान सुनाउनु भै प्रथम पटक धर्मचक्र प्रर्वद्धन गर्नु भएको पवित्र स्थान

हो सारनाथ। यहाँ मृगदयबन, अशोक स्तम्भ, गन्धकुटी विहार, धर्म स्तुपा चौखण्डि स्तुपा र वस्तु संग्रहलय रहेका छन्।

४. **कुशिनगरः** तथागत बुद्धले ८० वर्षको उमेरमा कुशिनगर स्थित साल बागमा महापरिनिर्वाण




प्राप्त गर्नु भएको थियो। त्यस बखत तथागत बुद्धले “अपोदीपभव संस्कारदर्पण बुद्धदर्शन। सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ,” भन्नु भएको थियो। तथागत गौतम बुद्धको यो अन्तिम बचन थियो। त्यसपछि प्रथम ध्यान, द्धितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान हुदै महासमाधिमा प्रवेश गर्नु भयो। त्यहीबाट महापरिनिर्वाण प्राप्त गर्नु भयो। त्यो स्थानलाई कुशिनगर भन्दछ। त्यहाँ महापरिर्निर्वाण स्थल, साल बगैच, रामाभार स्तुपा, चन्द्रमनि विहार र वस्तु संग्रहलय आदि छन्।

५. **अम्रपाली भवनः** भगवान बुद्धले रूपवती अम्रपालीको भोजन दान ग्रहण गरी धर्मोपदेश गर्नु भयो। त्यही धर्मोपदेशबाट प्रभावित भएर बैशाली नगरको बिशाल अम्रपाली भवन भिक्षु महासंघलाई दान गरी सातौं दिनमा भिक्षुणी बनेर संघको सेवामा लागे। उनले छोटो समयमै अहर्तत्व प्राप्त गरिन्। बुद्ध शासनमा उनी दशौ अहर्त थिइन्। तथागत बुद्धले सय दिनको भाका राखि आयु त्याग गरी महापरिनिर्वाणको लागि कुशिनगर तर्फ यसै स्थानबट प्रस्थान गर्नुभएको पवित्र स्थल हो। यहाँ भगवान बुद्धको अस्तिधातुबाट निर्माण भएको स्तुपा, अशोक स्तम्भ, आम्रबन र वस्तु संग्रहलय रहेका छन्।

६. **जेतवन महाबिहारः** दानबीर अनाथपिण्डकले स्वर्ण सिक्का बिच्छ्याएर खरिद गरेको बगैचामा बनाइएको जेतवन महाबिहारमा बुद्धले जिवनको लामो समय ध्यान र साधना गर्नु भयो। उनले अंगुलीमालालाई उपदेश, बुद्ध जन्मेको सातौँ दिनमा दिवंगत हुनुभएकी आमा महामाया देवीलाई धर्म देशना गर्न देवलोक जानु भएको पवित्र तिर्थस्थल हो। यहाँ जेतवन विहार, आनन्द बोधिबृक्ष, थाईलैण्ड बौद्ध विहार, अंगुलिमाला गुफा अनाथपिण्डक

दानस्थाल आदि रहेका छन् ।

७. **शंकाशी**: तथागत बुद्धको शासन कालमा ब्रह्मा, बिष्णु, महेश, देवेन्द्र यक्ष, गन्दर्ध, किन्नर, नाग, गरूड, अष्टबर्गहरू र थुप्रै देवी देवताहरू पृथ्वीमा एकसाथ अवतरण भइ तथागतको धर्मोपदेश सुनेको पवित्र स्थान शंकाशी हो। यो स्थान श्रावस्ती नजिकै रहेको छ।

८. **नमोबुद्ध**: आदिम कालमा बोधिसत्व पनौतीको राजकुमार छदा, पाँच डमरूहरू (बाघको बच्चालाई डमरू भन्दछ)का बिरामी बघेनीलाई आफ्नो साँप्रको मासु काटेर दान गरेको स्थान नमोबुद्ध हो भन्ने बिश्वास गरिन्छ। पछि तुषित भुवनबाट सेतो हात्तीको रूपमा रानी महामाया देवीको कोखमा प्रवेश गर्नु भइ, राजकुमार शाक्यमुनि गौतमको रूपमा प्रबर्जित भइ, बुद्धत्व लाभ गरे पछि ती डमरूहरू को थिए भनि चक्षुबाट हेर्दा, बघेनी प्रजापति गौतमी र पाँच डमरूहरू पन्चबर्गिय भिक्षुहरूको रूपमा बुद्धको सेवक बन्न पुगे भन्ने कथा महाजातकमा स्पष्ट उल्लेख भएको पाइन्छ।

९. **अष्टमहाचैत्य**: तथागत बुद्धको महापरिनिर्वाण भए पछि उनको पार्थिक शरीरलाई अग्नि प्रज्जवलित गरी बाँकी शेष रहन आएको धातुलाई आठ भागमा बाँडि चैत्यहरू निर्माण गरिएको हुदा, यिनै आठवटा चैत्यहरूलाई अष्टमहाचैत्य भनिएको हो। यी अष्टमहाचैत्यहरू कहाँ कहाँ निर्माण गरिएका छन् भन्ने बारेमा संक्षिप्त जानकारी गराउने प्रयास रहेको छ।

१. मगध राज्यका राजा अजात शत्रुले आफ्नो राजधानी राजगृहमा बिशाल चैत्य निर्माण गरी तथागत शाक्यमुनि गौतम बुद्धप्रति श्रद्धा चढाएका थिए।
२. द्रोण नामक वेदपाठी ब्राह्मणले रामग्राममा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
३. पावाको मल्ला राजाले आफ्नो नगरमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
४. बैशालीका राजा प्रसेनजितले श्रावस्तीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
५. कपिलबस्तुको शाक्यहरूले लुम्बिनीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
६. गन्धारको राजाले अल्लकप्पमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
७. नागपुरको ब्रह्मादत्त नामक उपासकले बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
८. कलिङ्गका राजपरिवारका सदस्यहरूले पनि बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए। यसरी निर्माण गरिने अष्टमहास्तुपाहरूमा प्रज्ञा, शील, मार्ग, देशना, बिजय, दीर्घायु, समृद्धि र निर्वाण रहेको छन्। यसलाई आफ्नो आवश्यकता र चहना अनुसार निर्माण गर्न सकिन्छ। अधिकांश स्थानहरूमा बिजय, दीर्घायु र समृद्धिको रूपमा निर्माण गरिएको पाइन्छ।

**–बुद्धबचनबाट ।**

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

बुद्धिजम डिजिटल लाइब्रेरीले पाली भाषामा रहेको त्रिपिटकलाई नेपाली भाषामा सरल अनुबाद, प्रकाशन, प्रवर्द्धन र बितरण गर्दै आएको छ। यो अत्यन्तै सह्रनीय काम हो। यसबाट नेपालीहरूले सरल भाषामा बुद्धबचन त्रिपिटकलाई बुझ्ने अवसर पाउने छन्। यसका साथै अनलाइनमा पनि हेर्न सक्नु हुने छ। www.buddhismlibrary.org फुर्सद मिलाएर कुनै पनि समयमा हेर्न सक्नु हुन्छ।

बौद्धमार्गीहरूको लागि बुद्ध जयन्ती अत्यन्तै पवित्र दिन हो। यसलाई संसार भरिका बिभिन्न देशहरूमा आ-आफ्नै मौलिक संस्कार अनुसार बिशेष पर्वको रूपमा मनाउने गर्दछन्। यो दिनले हामीलाई भगवान बुद्धले देखाउनु भएको अहिंसा, करूणा, प्रेम, मैत्री, समता, धैर्य र प्रज्ञाको मार्गलाई पुनः स्मरण गराउँछ। आजको बिश्वमा बढ्दो द्धन्द्ध, अशान्ति र चुनौतीहरूको बीचमा बुद्धका उपदेशहरू अझै गहिरो रूपमा आवश्यकता रहेको महशुस हुन्छ। शान्ति, सद्भाव, सहअस्तिव र मानवताको सेवा– यिनै गुणहरू बुद्धप्रति हाम्रो सच्चा समर्पण छ!

**गौतम बुद्धले प्रतिपादन गर्नु भएको बौद्धदर्शनले सबैको कल्याण गरून्।**
**सुख, शन्ति र समृद्धि प्राप्त गरून्।**

**२५७० औँ बुद्धजयन्तीको पावन अवसरमा प्रकाशन हुने, यो डिजिटल उपहार पूर्णाकं** (१) **मार्फत देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्धायुको लागि हार्दिक मंगलमय शुभकामना ! भवतु सर्वमंगलम्।**



**तर्कजङ गुरुङ**
अध्यक्ष, ताङतिङ समाज, यूके

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७० औं बुद्धजयन्तीको पावन अवसरमा बुद्ध धर्मावलम्बी सम्पूर्ण महानुभवहरू तथा भगवान बुद्धका उपदेशप्रति आस्था राख्ने सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस पवित्र दिनले हामीलाई भगवान बुद्धले देखाउनु भएको अहिंसा, करूणा, मैत्री, समता, धैर्य र प्रज्ञाको मार्गलाई पुनः स्मरण गराउछ । आजको बिश्वमा बढ्दो द्वन्द्व, अशान्ति र चुनौतिहरूको बीचमा बुद्धका उपदेशहरू अझै गहिरो रूपमा आवश्यक छन् । शान्ति, सद्भाव, सहअस्तिव र मानवताको सेवा– यिनै गुणहरू बुद्धप्रति हाम्रो सच्चा शुभकामना !

अमेरिकाको न्यूह्यामसरस्थित (तमू) गुरूङ समाजले समुदायमा एकता, सांस्कृतिक संरक्षण, आध्यात्मिक उन्नति र सहयोगलाई निरन्तर अघि बढाइरहेको छ । हाम्रो सामूहिक उद्देश्य अनुसार (तमू) गुरूङ समाज न्यूह्यामसरको सामुदायिक भवनलाई भविष्यमा हिन्दु-बौद्ध मन्दिरको रूपमा विकास गर्ने हाम्रो प्रयास बुद्धमार्गकै निरन्तरता हो । जहाँ सबै धर्म, संस्कृति र समुदायका सदस्यहरू शान्ति र ज्ञानका साथ एकत्रित हुन सकोस् । बुद्धजयन्तीले हामी सबैमा सद्भाव, सहिकर्म, सत्यमार्ग, करूणा र प्रज्ञाको प्रकाश फैलावोस् । सबै प्राणी सुखि होउन् । सबै प्राणी शान्तिमा बसुन् ।

**अन्तमा, २५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना** !



**विकाश गुरुङ**
अध्यक्ष, गुरूङ (तमू) समाज, न्यूह्यामसर, अमेरिका
E-mail: bikashgurung968@gmail.com

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा Buddhism Digital Library, Inc ले डिजिटल उपहार प्रकाशन गर्ने तयारी गरिरहेको खबर सुन्न पाउँदा खुसी लागेको छ। यस पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना प्रकट गर्न चाहन्छौँ।

बेभेरली गुरूङ समाजको मूल उद्देश्य भनेको प्रवासमा सुख र दुःखको समयमा आपासी भाइचारा र सद्भाव प्रकट गर्ने रहेको छ। यस बाहेक नेपाली चाड पर्वहरूमा आपासी भेटघाट तथा रमाइलो मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी, त्यसमार्फत प्रवासमा रहेका नयाँ पिँडीहरूलाई आफ्नो भाषा, भेषभूषा, चाडपर्व, मौलिक संस्कार र संस्कृतिको संरक्षण र अभ्यास गर्नु गराउनु रहेको छ। यसबाट प्रवासमा रहेका हाम्रा नयाँ पिँडीहरूलाई पुस्ता हस्तान्तरण गर्न सकिने कुरामा बिश्वास्त रहेका छौँ।

यस समाजले सदस्यहरूको सुख, दुःख, आपत, बिपत र प्राकृतिक प्रकोप जस्ता आपतकालिन अवस्थाहरूमा तत्काल राहतका लागि मानविय सहयोगहरू उपलब्ध गराउँदै आएको छ। यसका साथै दशै, तिहार, ल्होछार, बुद्ध जयन्ती, समर पिकनिक, एवं तीज कार्यक्रहरू आयोजना गरी, सामुदायिक भेटघाटका साथै रमाइलो नाचगान गरी चाडपर्व मनाउने गरेको छ।

अन्तमा, विश्व शान्तिको प्रवर्तक भगवान गौतम बुद्धको २५७० औँ बुद्ध जयन्तीको पावन अवसरमा प्रकाशित यो “डिजिटल उपहार” पूर्णाकं (१) मार्फत बुद्धको शान्ति शन्देश विश्वभर फैलियोस्। साथै सम्पूर्ण मावन समुदायले सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायु प्राप्त होस् भन्ने शुभकानमना प्रकट गर्न चाहन्छौँ। भवतु सर्वमंगलम्।



**जय बहादुर गुरूङ**
**अध्यक्ष, बेभेर्ली गुरूङ समाज एवं परिवार**
मासाच्यूसेटस्, अमेरिका। मार्च २०, २०२६

# The Voice I Finally Heard: Listening Within



• **Dr. Rudra Aryal**
Professor of Physics

In my childhood, I often saw my father sitting quietly in the corner of our house with his eyes closed. I used to laugh and wonder why he was doing that. For me, as a child, closing my eyes meant sleeping or resting. He would sit like that for about an hour, then slowly open his eyes, look around, and stand up with a gentle smile. At that time, it felt unusual, but now I realize those moments stayed with me as my first silent introduction to meditation.

When I asked him why he sat there wit his eyes closed, he simply said, "It gives me  peace of mind and happiness withinme." Peace of mind and happiness, those words were far beyond what I could understand as a child. For me, happiness was simple. If someone gave me a chocolate, that was enough. Still, he would gently tell me, "Close your eyes and observe yourself." I did not understand what he meant. I kept wondering how I could observe myself just by closing my eyes.

Every evening, after dinner, he told me many stories about religion, meditation, and Nepali folktales. He was a wonderful storyteller, and I always enjoyed listening to him. We would sit outside our house on a long porch-like platform made of clay and stone, called a pidhi. That small house, with its thatched roof, red and white clay coating, and black-painted wooden pillars, was simple but beautiful. On the second floor, there were shelves filled with books. He always asked me to pick one, and then he would begin telling a story from it, often in the soft light of a kerosene lamp. I remember there were a variety of books, some of which were about Gautama Buddha. I did not fully understand his explanation, but I listened to him carefully.

When I was about nine years old, my parents took me to Lumbini, about a five-hour bus ride from our home in Palpa. That journey is still very clear in my memory. We traveled from Tansen to Butwal in an old bus with broken windows. Sometimes the driver would stop by the roadside and pour cold water on the engine. I could see steam rising, but I did not understand why. Now I know it was to cool the engine. We reached Butwal in the afternoon on a summer day, and from there we

got into a small vehicle for Lumbini. It was already full, but the driver said he could adjust us and we got in the vehicle. It was tight, but we fit there. It was a very hot summer day. There was no air conditioning in the vehicle, and even with the windows open, the air was hot. Inside, it smelled like fuel. Everyone was sweating and fanning themselves with their hands. I felt very uncomfortable and almost started crying.

At that moment, I remembered my father's words. I closed my eyes and began to observe my breathing. I had heard this advice for years, but this was the first time I truly tried it. Slowly, I felt a little calm. At the same time, I felt excited. I was going to see the birthplace of Buddha. That excitement gave me strength. When we reached Lumbini, everything I experienced was different. I was so excited to reach such an important place, not only in Nepal but around the world. I felt the air cooler, and the place was peaceful. I saw people from many countries, quietly observing the surroundings. My father showed me the Maya Devi Temple and said that this was where Queen Maya Devi gave birth to Buddha. I became emotional standing there. He pointed to the exact birthplace of Buddha. He also showed me the Ashoka Pillar and explained that Emperor Ashoka built it long ago as a sign of his devotion to Buddha. I had never seen such an old place, more than two thousand years old. Even today, when I remember that moment, I feel a quiet vibration within.

From that visit and from the stories I heard at home, something slowly began to grow inside me. In college, I started reading more about Buddha's teachings as a self-study. I read about suffering, peace, and the nature of life. Over time, one simple idea stayed with me: our suffering, our desires, and even our happiness come from within. My life was busy with college work, exams, job searches, and the search for an opportunity to study abroad for my higher studies. I focused on my education and career and, years later, eventually settled in America. I never practiced meditation deeply those days. I understood many ideas intellectually, but I could not experience them within myself as I did not practice meditation.

There was always a quiet unrest inside me. Living between America and Nepal, my heart often felt divided between two places- my motherland, where I had a deep connection to the soil, mountains, rivers, people, and culture, and America, my new home with my family. I did not fully understand what I was searching for within myself. Then, a few years ago, I lost both of my parents at different times. Being so far away, I could not reach them or hold them before their final moments. Later, I traveled to Nepal for their funeral. That journey was not

just physical; it was deeply emotional. Over time I started to reflect on my life in a different way.

With that pain in my heart, I started searching for a meditation place near my home. Although I knew that meditation is not meant to heal something but to observe yourself within, I also knew that when we feel deep pain, we begin to look for different paths. I found the Thai Jetavana Temple Forest Monastery in Peterborough. One evening, I joined a meditation session. About 15 to 20 people were there, along with a few monks. It was cold outside, but in the hall I felt calm and practiced for one hour. I was surprised that I could stay silent and sit for one hour without changing my posture. It reminded me of my father sitting quietly in the corner of our house. I stayed at the monastery for five days, reading and attending early morning one-hour sessions at 5 a.m. and 7 a.m., along with about two hours of service each day, such as cleaning, lawn mowing, and painting.

Then I continued practicing on my own at home. Slowly, I came to understand ideas like mindfulness, letting go, and non-attachment, not just as concepts, but as real experiences. After starting my own meditation practice at home and attending a nearby meditation center, I decided to attend a ten-day silent Vipassana retreat in Massachusetts. There were no conversations, no phones, no books, only silence and observation. Each day began early in the morning. We sat for long hours, first observing the breath, then observing bodily sensations.

It was not easy for me in the first few days. My body hurt, my mind resisted, and old memories came back, with many past griefs surfacing again. But something slowly changed. I learned to see that pain and suffering are not the same. Pain is natural, but suffering grows when you resist or hold on; it is better to let things come and go. One teaching stayed deeply with me: everything that arises will pass away, and nothing stays permanent.

Through all these experiences, from my father's quiet guidance, my childhood visit to Lumbini, my life journey from my motherland Nepal to the New country of the Americas, and my meditation practices, I came to trust one simple truth: Be kind. Stay calm. Understand yourself. When we begin to understand our own mind, we begin to understand life. And when we understand life, something within us becomes peaceful and heads towards liberation from suffering. That is the voice I finally heard in my life, not outside, but within, and I am keeping on practicing to understand it deeply.

*(Dr. Rudra Aryal is Professor of Physics at Franklin Pierce University, New Hampshire, Rindge, United State of America.)*

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

बुद्धिजम डिजिटल लाइब्रेरीले पाली भाषामा रहेको त्रिपिटकलाई नेपाली भाषामा सरल अनुवाद, प्रकाशन, प्रबर्द्धन र बितरण गर्दै आएको छ। यो अत्यन्तै सह्रनिय काम छ। यसबाट नेपालीहरूले सरल भाषामा बुद्धबचन त्रिपिटकलाई बुझ्ने अवसर पाउने छन् । यसका साथै अनलाइनमा पनि हेर्न सक्नु हुने छ । www.buddhismlibrary.org फुर्सद मिलाएर कुनै पनि समयमा हेर्न सक्नु हुन्छ।

बौद्धमार्गीहरूको लागि यो बुद्धजयन्ती अत्यन्तै पवित्र दिन हो। यसलाई संसारभरिका विभिन्न देशहरूमा आ-आफ्नै मौलिक संस्कार अनुसार विशेष पर्वको रुपमा मनाउने गर्दछन्। यो दिनले हामीलाई भगवान बुद्धले देखाउनु भएको अहिंसा, करुणा, प्रेम, मैत्री, समता, धैर्य र प्रज्ञाको मार्गलाई पुनः स्मरण गराउँछ। आजको बिश्वमा बढ्दो द्वन्द्व, अशान्ति र चुनौतिहरूको बीचमा बुद्धका उपदेशहरू अझै गहिरो रुपमा आवश्यकता रहेको महशुस हुन्छ । शान्ति, सद्भाव, सहअस्तिव र मानवताको सेवा, यिनै गुणहरू बुद्धप्रति हाम्रो सच्चा समर्पण छ!

तथागत बुद्धले प्रतिपादन गर्नु भएको बौद्धदर्शनको मूल आधार भनेको चार आर्यसत्य, पञ्चशील, अष्टमार्ग, प्रतित्यसमुत्पाद र दशशील हुन्। संसारका सबै मानव समुदायले बुद्धको शान्तिशीललाई पालन गर्न सकेमा शान्ति र समृद्धि दुबै एकसाथ प्राप्त गर्न सक्नेछन्।

२५७०औँ बुद्धजयन्तीको पावन अवसरमा प्रकाशन हुने, यो डिजिटल उपहार पूर्णाङ्क (१) मार्फत देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना ! भवतु सर्वमंगलम्।



**झक गुरुङ**
**सल्लाहकार, बोस्टन तमू समाज**
**तथा समाजसेवी**

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको करुणाले सबैको मंगल होस् ।**







**सुरेन्द्र गुरुङ, एलिना गुरुङ**
**नेओओन्नि गुरुङ तथा चित्रमाया गुरुङ**
चेल्सी, अमेरिका

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको करूणाले सबैको मंगल होस् ।**



**कुमराज गुरुङ तथा ज्योति माया गुरुङ**

एभरेट, मासाच्यूसेट्, अमेरिका

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको**
**करूणाले सबैको मंगल होस् ।**



**तुलराम गुरुङ, गुञ्जन गुरुङ तथा शोभा गुरुङ**
एभरेट, अमेरिका

# बुद्धजयन्तीको मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको करुणाले सबैको मंगल होस् ।**





**चन्द्र गुरुङ, काया गुरुङ र अन्जना घले**

अमेरिका

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको**
**करूणाले सबैको मंगल होस् ।**



**गम प्रसाद गुरुङ (सामाजिक अभियन्ता)**
न्यूयोर्क, अमेरिका

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको करूणाले सबैको मंगल होस् ।**



**प्रेम गुरूङ**
गायक, फिल्मी कलाकार एवं सामाजिक अभियन्ता
न्यूयोर्क, अमेरिका

# बुद्धजयन्तीको मंगलमय शुभकामना !

२५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा Buddhism Digital Library ले "बुद्ध जयन्ती डिजिटल उपहार" पूर्णाङ्क (१) प्रकाशन गर्न लागेको खबर सुन्न पाउँदा, खुसी लागेको छ। यसको पूर्ण सफलताको कामना गर्दछु।

यो डिजिटल उपहारले भगवान बुद्धको उपदेशमा आधारित अहिंसा, प्रेम, शान्ति र करुणाको सन्देशलाई सबै बौद्धमार्गीहरूको घरआगनमा पुऱ्याउन सफल होस् भन्ने कामना गर्दछु। यसले आफ्नो वेभसाइटमा सम्पूर्ण त्रिपिटक उपलब्ध गराउने प्रयत्न गरिरहेको देखिन्छ। यसका साथै नेपाली भाषामा पनि अनुबाद गर्ने प्रयास भएको देखिन्छ।

Buddhism Digital Library Inc, ले सञ्चालन गर्दै आएको डिजिटल लाइब्रेरी, परियोजना र कार्य प्रगतिहरू यसको वेभसाइट www.buddhismlibrary.org मा हेर्न सक्नु हुनेछ। यसले गरिरहेको काम अत्यन्तै सह्रानीय रहेको छ। यो निःस्वार्थ कामको लागि साधुवाद।

**अन्तमा, २५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !**



**गुरूजु समन्त श्रीरत्न बज्राचार्य**
**बोस्टन, अमेरिका**



# बिपासना वा ध्यान साधना

● मान गुरूङ, बेलायत

बिपासना वा ध्यान भनेको के हो ? यसलाई कसरी अभ्यास वा साधना गर्न सकिन्छ ? भन्ने बारेमा यस लेखमा संक्षिप्त रुपमा बिश्लेषण गर्ने प्रयास गर्ने छु। यो लेखको आसय बुझ्नु भयो भने, तपाईँलाई बिपासनाको अभ्यास वा साधना गर्न सजिलो हुनेछ।

बास्तवमा आजको २१औं सताब्दीको मूल लक्ष्य भनेको बिलासित बस्तुहरूको उपयोग र उपभोग गरेर, सुख र सुबिधा प्राप्त गर्नु रहेको हुन्छ। यसको मूल आसय भनेको मिठो खाने, राम्रो लाउने, सुख, सयल, आयस र आरामसंग जीवन जिउनाका लागि बिलासित बस्तुहरूको उपभोग गर्नु हो। यसबाट रमाइलो गरी मनोरञ्जन गर्न सकिन्छ। रमाइलो मनोरञ्जनबाट जीवनमा आनन्द हुन्छ भन्ने हाम्रो बुझाइ रहेको हुन्छ। यसबाट रमाइलो र आनन्द दुबै प्राप्त गर्न सकिन्छ। यो कुरा सत्य हो। तर, यसबाट प्राप्त हुने आनन्द क्षणिक हुन्छन्। त्यसैले बिलासित बस्तुहरूको प्रयोग, उपयोग र उपभोगको मात्र र संख्या एक पछि आर्को गर्दै, बढदै बढदै जान्छन्। यदि हामीले आबश्यकता र चाहनाको परिभाषा पनि राम्रोसंग परिभाषित गर्न सकेनौं भने, चाहनालाई नै हामी आबश्यकता ठान्दछौं। त्यही अनुसारको आम्रो जीवन पदति र आचरण बन्दै जान्छ। यो कुरा बिस्तारै अभ्यास्त भैसके पछि यसलाई तत्कालै परिबर्तन वा रुपान्तरण गर्न पनि सक्दैनौं। किनभने, यो हाम्रो जीवनको अभिन्न अंग भैसकेको हुन्छ। यसको अभ्यास बिना हामी बाँच्न नसकने अवस्थामा हुन्छौं।

हामी सबैलाई थाहा भएकै कुरा हो कि, मानिसको इच्छ र आकांक्षहरू असिमित हुन्छन्। यो क्षितिज जस्तै सीमारहित हुन्छन्। भनाइको तात्पर्य के हो भने, तपाइँको इच्छ आकांक्षहरूको परिपूर्ति गर्न तपाइँको नियमित श्रोतले धान्न धौ धौ भयो भने परिणाम सकारात्मक हुदैन। तपाइँको मूल उद्देश्य भनेको रमाइलो गरेर मनोरञ्जन गर्नु थियो। तर, परिणाम बिपरित हुन्छ। किनभने, तपाइँको आम्दानी र खर्चको सन्तुलन हुदैन। अर्तात डेबिटले क्रेडिट धान्न सक्ने अवस्थामा हुदैन। आपासमा मेल नखाए पछि परिणाम नकारात्मक हुन्छ। नकारात्मक परिणामले संका, उपशंका र असन्तुष्ट भाव उत्पन्न गराउँछ। यसबाट पारिवारिक एकतामा अनेकता र असन्तुष्टको बातावरण सृजना हुन्छ। के सौंचेर के गर्न खोजेको थियो ? तर, परिणाम के आयो ? त्यसैले, कुनै पनि काम गर्नु भन्दा पहिला, त्यसको परिणामको बारेमा, राम्रोसंग जानेर बुझेर मात्र काम गर्न सकेमा राम्रो परिणाम पाउन सक्ने संभावना रहन्छ।

त्यसैले, यदि तपाइँले दीर्घकालिन आनन्दको आबश्यकता महशुस गर्नु भएको छ भने, बिपासना वा ध्यान गर्न सक्नु पर्छ। यसका लागि बिपासना वा ध्यानको साधरण नियमहरूको पालन गर्न जान्नु पर्छ। जानि सके पछि त्यसलाई अभ्यास गर्न सजिलो हुन्छ। दैनिक अभ्यास गरे पछि अभ्यास्त हुन्छ। अभ्यास्त भैसके पछि अभ्यास गर्न सजिलो हुन्छ। यसरी अभ्यास गर्दै जाँदा, कहाँनिर कहिले के कस्तो समस्याहरू भएको अनुभव हुन्छ ?

त्यसलाई आफैले सुधार गर्दै जान सक्नु पर्छ। अनि मात्र ध्यानको बास्तविक अर्थमा अनुभूति हुन्छ। हामीले बुझ्नु पर्ने कुरा के छ भने, अभ्यास भनेको साधरण अवस्था हो। तर, साधना भनेको गहिरो अवस्था हो। यसैगरी बिपासना भनेको मानसिक र समथा भनेको भौतिक अवस्था हो। मानसिक र शारीरिक अवस्थाको सन्तुलन, लक्षित स्थान वा बिषयमा एक साथ जिरो डिग्रीमा केन्द्रीत गर्न सक्यो भने, यसलाई एकाग्र भन्दछ। यो एकाग्रको माध्यामबाट आबश्यकता अनुसार बिभिन्न स्थाना शुष्म निरीक्षण गर्न सकिन्छ। बिपासना वा ध्यानको साधरण नियम यही हो। यसैलाई बिकसित गर्दै समाधिसम्म जान सकिन्छ। यसलाई बिभिन्न समय र स्थानहरूमा बिभिन्नै तरिकाले अभ्यास गरिन्छ। एकदिने, तीदिने, पाँचदिने र दशदिने शिबिरमा अभ्यास गर्न सकिन्छ। त्यसपछि एकान्त कक्षामा ३०दिने, ४५ दिने र ९० दिने अभ्यास पनि गर्न सकिन्छ। यो अभ्यास गर्नाका लागि एकजना आचार्यको परामर्श हुन आवश्यक हुन्छ।

यो बिपासनाको ध्यान शिबिर १० दिनसम्मको हुने गर्दछ। यो समयमा पञ्चशील पालना गर्नु पर्ने हुन्छ। त्यसपछिका विशेष अवस्थाका ध्यानहरूमा आचार संहितको पालना गर्नु पर्छ। एक पटक १० दिने शिबिरमा अभ्यास गरिसकेका साधकहरूले आफ्नै घरमा बसेर दैनिक अभ्यास गर्न सकिन्छ। यसरी अभ्यास गर्दा, दैनिक १०, १२, १५, २०, २५, ३० मिनेटका हिसाबले नियमित अभ्यास गर्न सकेमा, एकाग्रको लागि उपयुक्त हुने छ। यो एकाग्रता भनेको सास-प्रस्वसको प्रकृया, जसलाई बिपासनाको भाषामा आनापानासति भन्दछ, बाट चञ्चल मनलाई शून्यतामा ल्याउनु हो। एक पटक शून्यतामा आइसकेपछि त्यसलाई समवेदना भैरहेको ठाउँमा शुष्म रुपमा निरीक्षण गर्ने प्रणालि हो। यसरी ध्यान गर्दा, मन उडेर जान्छ। यो मन भन्ने चिज, अत्यन्तै चञ्चल हुन्छ। संसारमा सब भन्दा द्रुत गतिमा उड्ने भनेको प्रकाश हो। तर, मनको गति, प्रकाशको भन्दा, हजार गुणा बढि हुन्छ। एकै छिनमा अमेरिका पुग्छ। एकै छिनमा बेलायत पुग्छ। एकै छिनमा नेपाल पुग्छ। त्यसैले तथागत गौतम बुद्धले धम्मपदको पालीगाथा १मा भन्नु भएको छः

**मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय**

**मनसा चे पदुटेन, भासति वा करोति वा**

**ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥१॥**

अर्थात, कुनै पनि मानिसको मन नै सबै प्रबृतिहरूको प्रधान हो। मन नै सबै कुराको केन्द्र हो। सबै कुरा मनबाटै उत्पन्न हुन्छ। यदि कसैले दुषित मनले केही कुरा बोल्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए झै दुःखले अनुसरण गरिरहन्छ। यो कुरा प्राकृतिक सिद्धान्तको अनुकुल रहेको छ। यो कुरा ध्रुब सत्य हो। धम्मपद ॥१॥

यसबाट के कुरामा स्पष्ट हुन्छ भने, बिपासना वा ध्यान गर्ने भनेको हाम्रो चञ्चल मनलाई नियन्त्रण गरेर एकाग्रता गर्नु हो। एकाग्रता भनेको शून्यता हो। शून्यतामा भएको मनलाई आवश्यकता अनुसार शरीरको बिभिन्न अंग-प्रत्येंगहरूमा समवेदनाहरूलाई शुष्म रुपमा निरीषण गर्न सकिन्छ।

अन्तमा, २५७०औं बुद्ध जयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका दाजुभाइ तथा दिदीबहिनी हरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायुको लागि मंगलमय शुभकामना !

(बेलायत निवासी लेखक बिपासना ध्यान केन्द्र ताइचीको प्रशिक्षक, ग्रेटर रुशमूर नेपाली कम्युनिटीको पूर्व अध्यक्ष, क्षमता अभिबृद्धि कार्यक्रमको संयोजक एवं समाजिक अभियन्ता हुन्।)

**Pashupatinath Buddha Foundation of New England (PABFONE)**
594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org
facebook

PABFONE
PASHUPATINATH BUDDHA FOUNDATION OF NEW ENGLAND
Estd 2012

मितिः अप्रिल १०, २०२६

**बौद्धिज्म डिजिटल लाइब्रेरी (BDL) Inc., USA**

## विषयः बुद्धजयन्तीको शुभकामना सन्देश

महोदय,
उपरोक्त सम्बन्धमा मिति अप्रिल ६, २०२६ को पत्र प्राप्त भई हामीलाई पनि यस महत्वपूर्ण कार्यमा सम्झनुभएकोमा हामी अत्यन्त हर्षित भएका छौं। २५६७औं बुद्धजयन्तीको अवसरमा "**डिजिटल उपहार**" प्रकाशनको पहलप्रति हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

भगवान गौतम बुद्धका शान्ति, करुणा र सहिष्णुताका सन्देशहरू विश्वभर फैलाउने तपाईंहरूको प्रयास सराहनीय छ। यस अवसरमा सम्पूर्ण प्राणीहरूको कल्याण र विश्व शान्तिको कामना गर्दछौं।

भविष्यमा यस्ता कार्यहरूमा सहकार्य गर्न हामी सधैं प्रतिबद्ध रहनेछौं। हाम्रो संस्थालाई समावेश गर्नुभएकोमा धन्यवाद।

सादर अभिवादनसहित।

**ध्रुब घिमिरे**
अध्यक्ष
पशुपतिनाथ बौद्ध फाउन्डेशन, न्यू इङ्ल्याण्ड (PABFONE)

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

**तथागत सिद्धार्थ गौतम बुद्धको**
**करुणाले सबैको मंगल होस् ।**

Kalyanmitra
International
Foundation
2569 BE

*Welcome to join with us for the sharing & learning together.*

*Online School of Buddhism.*

KIF Foundation Inc, USA.

Awakening Class from Aug 02, 2025.
Saturday Nepal time: 7 to 8:30pm.
Zoom link shall be send by email.

Free Registration by
dhirgurung2020@gmail.com

**KIF Foundation Inc, USA.**

www.kiffoundation.org

# बुद्धकालीन अग्र उपासिका



● मञ्जुश्री लामा
बौद्ध बहुमुखी क्याम्पस

मानव समाजलाई अज्ञानरूपी अन्धकारबाट उज्यालोतर्फ डोर्याउने भगवान बुद्धको शिक्षा बहुजनहिताए बहुजन सुखायको मान्यता बोकी संसारभरि नै फैलिरहेको छ।आजभन्दा करिब २६०० वर्ष पूर्व महिला र पुरुषबीच गरिने भेदभावपूर्ण समाजमा पनि लैङ्गिक समानताको हिमायती भगवान बुद्धको सानिध्यताले दुःखी नारीहरूले आफूमा भएको कमी कमजोरी हटाई दुःख निरोध गरी ज्ञान प्राप्त गरेर उत्कृष्ट स्थान हासिल गरेका थिए। विभिन्न परिस्थितिका सामना गरिरहेका महिलाहरू बुद्धको सम्पर्कमा आएपछि आफूलाई सुरक्षित भएको आत्माबल बढेको र नयाँ जीवन पाएको अनुभव गर्दथे ।

बुद्ध भगवानले धर्मरुपी रथलाई अगाडि बढाउनका लागि चार परिषद्हरूको महत्व उत्तिकै रहेको कुरा बताउनुभएको थियो । जसमा भिक्षु भिक्षुणी र उपासक उपासिकाको भूमिका महत्वपूर्ण हुने गर्दछन् ।भिक्षु र भिक्षुणीहरूको प्रमुख स्रोत नै दान हो। बौद्धकालीन उपासिकाहरूले भिक्षु र भिक्षुनी सघको लागि खाद्यान्न, वस्त्र, बस्नको लागि विहार बनाएर ठूलो योगदान पुर्‍याएको कुरा विभिन्न बौद्ध साहित्यमा देखिन्छ। बुद्धकालमा बुद्धको उपासिकाहरूले बुद्ध धर्म उत्थान, प्रवर्धन र प्रचार गर्नका लागि पुर्‍याएको योगदान हरूका सन्दर्भहरू विभिन्न बौद्ध साहित्यहरूमा उल्लेख भएको पाइन्छ। बौद्ध उपासिकाहरूले पनि आआफ्नो विशेष गुणको आधारमा भगवान बुद्धद्वारा अग्रस्थान वा एक दग्ग पद प्राप्त गरेका थिए। ती उपासिकाहरूको नाम र प्राप्त गरेका स्थानहरू निम्नअनुसार छन् :

श्रमण सिद्धार्थलाई बोधि ज्ञान प्राप्तिको लागि शुभकामनासहित खिर भोजन दान गरेर बुद्धको शरणमा जाने प्रथम महिला सुजता, आफ्नो गहना बेची बौद्ध संघलाई दान गर्ने विशाखा, बहुश्रुता उपासिकाहरूमध्ये खुज्जुत्तरा, मैत्री भावनामा विशिष्टता प्राप्त गर्ने श्यामावती, ध्यानी उपासिकाहरू मध्ये उत्तरनन्दमाता, प्रणित दायिकाहरूमध्येमा सुप्रभाषा, रोगीको सेवा गर्नेहरूमध्येमा सुप्रिया, अटल रुपमा प्रसन्न भई चोरको सरदारलाई बौद्ध उपदेशद्वारा राम्रो मार्गमा ल्याउने कात्यायनी, विश्वासिनी उपासिकाहरूमध्ये नकुलमाता तथा अनुश्रमण एक द्वारा प्रसन्न हुनेमा काली उपासिकाको धार्मिक कार्यहरू महत्वपूर्ण छ ।

१. उपासिका सुजता (महिलामा सबैभन्दा पहिला बुद्धको शरणमा जाने) गौतम बुद्धको जीवनसँग सम्बन्धित अनेकौं चित्रमा रुखमुनि बसिरहेको बुद्धलाई भोजन अर्पण गरिरहेको एउटी महिलालाई विशेष रुपमा लिइन्छ, ती महिला सुजता हुन् । सुजताले अर्पण गरेको खिर भोजन पश्चात बुद्धत्व प्राप्त गरेको मानिन्छ। सुजाता निरञ्जना नदीको छेउमा रहेको उरुबेला वनखण्डको सेनानी गाउँकी गाई पाल्ने गृहपतिको छोरी थिइन्। सुजताको माइती गाउँमा प्रकृतिको पूजा

गर्ने कामना, भाकल आदि गर्ने प्रचलन थियो। त्यसो हुनाले सुजाताले पनि विवाह अघि जातीय कुलमा विवाह भई पहिलो सन्तान नै छोरा भएमा वृक्ष देवतालाई गाईको शुद्ध दूधको खिर चढाउँछु भनी भाकल गरेकी थिइन्। वृक्ष देवताको कृपाले उनले सोचेअनुसार नै कामना पूरा भएको हुनाले श्रद्धा र विश्वासका साथ खिर अर्पण गर्नका लागि वैशाख पूर्णिमाको दिन तय गरिन्। आफ्नो दासी पूर्णेलाई वृक्ष वरिपरि सफा गर्न पठाइन्। त्यसबेला बुद्धत्व प्राप्तीको लागि साधनारत सिद्धार्थ गौतम त्यही आसपासमा बस्दथे। कष्टकर साधना गरी लाभ नभएपछि मध्यमार्ग अपनाउन पर्ने बोध भयो र यथोचित भोजन लिन थाले दासीले बरको वृक्ष मुनि साधनामा लिन भएको श्रमणलाई देखिन् साँच्चिकै वृक्ष देवता सम्झेर छिटोछिटो सफा गरी आफ्नी मालिकनी कहाँ गई सबै वृतान्त सुनाइन्। सुजता पनि आश्चर्यमा चकित मान्दै सुनको थाली लिएर श्रमण गौतम भएको ठाउँमा आइपुगिन् र थाली सहित खिर दान गरेर भनिन् जसरी मेरो मनोरथ पूर्ण भयो त्यसैगरी यहाँको पनि पूर्ण होस। सुजाताले अर्पण गरेको खिर भोजन गरेपछि गौतम पुन ध्यानमा बसे र अधिष्ठान गर्दै भने जब सम्म बुद्धत्व लाभ गर्दिन तबसम्म यस स्थानबाट उठ्ने छैन। रातको अन्तिम प्रहरमा बुद्धत्व प्राप्त भयो। बुद्धत्व प्राप्तिपछि पाँच सन्यासीलाई भेटेर धर्म चक्र प्रवर्द्धन गर्नुभयो। सुजताले यो कुरा सुनी धेरै खुसी भइन। उनको आफ्नै हातले पकाएको खिर खाई शिथिल शरीरलाई पोषण दिने काम भएको थियो त्यही खिर खाई विश्व कल्याण हुने बोधि ज्ञान प्राप्त भयो उनी आफ्नो छोरा बुहारी सहित बुद्ध धर्मको शरणमा जाने पहिलो महिला भएकोले भगवान बुद्धले सुजता उपासिका प्रथमत शरण जाने उपासिकाहरूमध्ये अग्र हुन् भन्ने घोषणा गर्नुभएको कुरा मूल सूत्रमा उल्लेख छ भिक्षु हो। मेरो साबिका उपासिकामध्ये प्रथम शरण जाने मा सुजाता उपासिका हुन।

२. उपासिका विशाखा (दान कार्य) विशाखा मगध राज्यको मेन्डक सेठका जेष्ठ पुत्र धनञ्जयको पुत्री थिइन्। उनको विवाह श्रावस्तीको सेठ मिगारको छोरा पूर्णवर्धनसँग भएको थियो। उनका ससुरा मिगारको आस्था बुद्ध धर्ममा नभई तीर्थङ्कर सन्यासीहरूमा थियो। तर विशाखा भने बुद्ध धर्ममा श्रद्धा राख्थिन्। उनी सानैदेखि सात वर्षको उमेरमा हजुरआमासँग बुद्धको उपदेश सुन्न जाँदा नै श्रोतापन्न भएकी थिइन्। विवाहपछि ससुरा र बुहारीको आस्था फरक धर्ममा भएको कारण घरमा द्वन्द चलिरहन्थ्यो। ससुरा मिगार बुहारीमाथि आफ्नो इच्छा लाद्न चाहन्थ्यो। एकपटक बौद्ध भिक्षुहरू घरमा भिक्षाटन गर्न आएको बेला आस्था फरक भएको कारण वास्ता गरेनन्। विशाखालाई यो चित्त बुझेन तसर्थ भिक्षु लाई भनिन् भन्ते तपाईंहरू जानुहोस् मेरो ससुरा पुरानो कुराहरूको भोग गरिरहेका छन्। मिगार सेठलाई पुरानो कुराको भोग गरेको छ भनी टिप्पणी गरेको मन परेन क्रोधित हुँदै थालभूमिमा बजार्दै बुहारीलाई घरबाट निस्कन आदेश दिए। तर विशाखा घरबाट निस्कने पक्षमा थिएनन् वातावरण नराम्रो बन्यो। विशाखाले यस घटनामा आफ्नो केही दोष नभएको त्यसमा आठ कुटुम्बीद्वारा छानबिन गरियोस् भन्ने माग राखिन्। मिगार सेठले तुरुन्त आठकुटुम्बीलाई भेला गराए विशाखाले स्पष्टीकरण दिँदै भने ससुराले पुरानो कुरालाई खाइरहेको हुन् भन्नुको अर्थ उहाँले यस जीवनमा पुण्य गरेका होइनन् केवल पूर्व जन्मको फल खाइरहेका हुन्। दुवैतर्फबाट असन्तुष्टिहरू व्यक्त भयो। विशाखाको कुनै गल्ती नभएको पुष्टि भयो।

विशाखाले घरमा अरु नै धर्मको गतिविधि भइरहने त्यसमा आफ्नो रुचि नभएको हुँदा भिक्षुसँगको सेवा गर्न पाउनुपर्ने माग राखिन् । उनको माग पूरा हुने वाचा पाइन्। मिगारले त्यहाँ सम्झौता गर्नुपरेको थियो । भिक्षु संघहरू भोजनदान र धर्म देशनाको लागि आगमन हुन थाल्यो। तीर्थंकरहरूको सल्लाहअनुसार मिगार सेठ बुद्ध धर्म देशना पर्दा पछाडि बसेर सुनिरहे। बुद्धले पनि पर्दा पछाडि लुकेर सुनिरहने लाई उपयुक्त हुने धर्म देशना गर्नु भयो । उपदेश सकिँदा मिघार सेठ श्रोतापन्न भइसकेका थिए। त्यसपछि पर्दा बाहिर निस्केर बुद्धसँग बन्दना गरे । बुहारीको कारण आफूलाई धर्मबोध भएको भन्दै बुहारीप्रति कृतज्ञता प्रकट गरे । यसपछि त्यस घरमा धार्मिक द्वन्द नभई बुद्ध धर्म र संघलाई सधैंको लागि ढोका खुल्यो ।

विशाखासँग महालता प्रसाद नाउँको आभूषण थियो । निकै महँगो यो आभूषण विशेष उत्सवमा मात्र लगाइन्थ्यो। एकदिन उत्सवबाट घर फर्किने क्रममा बिहारमा उपदेश सुन्न जान आभूषण सहित जान उचित नलागेर फुकालेर दासीलाई राख्न दिइन्। उपदेश सुनेर बाहिर निस्कँदा दासीले भुलेर पछि लिन जाँदा भिक्षु आनन्दले सुरक्षित राखी दिएको गहना फिर्ता लिइ पुन लगाउने इच्छा लागेन किनकि भिक्षु आनन्द द्वारा स्पर्श भएको श्रद्धाले गर्दा त्यस गहनालाई बेचेर भिक्षु संघलाई दान दिने सोच राखिन् ।उक्त आभूषण किन्ने कोही मानिस नमिलेपछि आफैले सो गहना ९ करोडमा किनेर जग्गा खरिद गरि अर्को ९ करोडमा बिहार निर्माण गरिन् र ९ करोडमा सबै व्यवस्था मिलाइन्। जम्मा २७ करोड खर्च गरी पूर्वाधारविहार निर्माण गरिदिइन र उत्सव गरेर संघमा दान गरिन्। बुद्ध धर्मको स्थापना कार्यमा उपासकहरू मध्ये अनाथपिण्डक महाजनले संघमा दान गरेझैं त्यसरी नै विशाखाले संघलाई दान गरिन्। अनाथपिण्डक महाजनले १८ करोड असर्फी बिछाई जेतराजकुमार को बगैंचा खरिद गरी जेत वनविहार बनाए। त्यस्तैगरी विशाखाले महालता आभूषण बिक्री गरी पूर्वाराम विहार बनाइन्। बुद्धले धेरैजसो वर्षावास श्रावस्तीमै बसेका थिए। पूर्वाराम विहार बनिसकेपछि पालैपालो दुवै बिहारमा बस्दथे एकदिन भिक्षु संघ समक्ष दानी उपासिकाहरूमध्ये विशाखा उपासिका अग्रछिन भनी घोषणा गर्नुभयो ।

मूल सूत्र अर्थ भिक्षु हो मेरो साविका उपासिकाहरूमध्ये विशाखा दान दिनमा अग्रछिन् ।

३. उपासिका खुज्जुतरा (बहुश्रुता) खुज्जुतराको वास्तविक नाम उत्तरा थियो। तल्लो जातको र लङ्गडी भएकोले उनलाई खुज्जुतरा भनेर बोलाइने गरिन्थ्यो। उनी कौसम्बी नरेश उदयनको पटरानी श्यामावतीको परिचारिका थिइन्। रानीले उनलाई सधैंजसो फुल किन्ने काममा पठाउँथिन् खुज्जुतराले चार कास्यार्पणको फूल किनेर चार कास्यार्पन चोरी गरी आफ्नो रानी कहाँ लाने गर्दथिन् । एकदिन उनी फूल किन्न गइरहेको बेला तेजस्वी बुद्धले मङ्गलमय उपदेश दिइरहनुभएको श्रोताहरू मन्त्रमुग्ध भई सुनिरहेका थिए। उनी पनि नजिकै गएर उभिन र सुन्न थालिन् । उपदेश थियो सम्यक कर्मलाई सम्यक दृष्टिले हेर्नुपर्दछ खुज्जुतराले त्यही नै श्रोतापन्न फल प्राप्त गरिन् । मङ्गलमय उपदेशलाई लिएर फूल किन्न गइन्। उनले बुझिन अनित्य विनाश भएर जाने जीवनमा पनि चोरी कर्म किन गर्नु । उनले आफ्नो कर्म प्रति पछुतो मान्दै पञ्चशील पालना गर्ने निश्चय गरिन् । त्यसदिन सबै पर्ण पैसाको फुल किनेर रानीलाई अरु दिनभन्दा फुल धेरै देखेर रानीले सोधिन् खुज्जुतराले पनि सत्यमा दृढ हुँदै सबै

कुरा बताइन्। रानी मैले पहिले चार कास्र्यापण चोरेर राखे पछि भगवानको उपदेश सुनेर चोरी गर्नु अपराध रहेछ भनी जानेर आठ कास्र्यापण फूल किनेर ल्याएको छु भनेर भनिन् । भगवानको उपदेशबाट साधारण दासीको मन बदलिएको देखेर महारानीलाई भगवानप्रति श्रद्धा जागेर आयो उनलाई पनि दासीले सुनेको सबै उपदेश सुनाउनको लागि भनिन्। दासीको पदमुक्त गरेर सधैं भगवानको उपदेश सुनेर आउने र महारानी र उनका सखीहरूलाई सुनाएपछि उनीहरू सबैजना श्रोतापन्न भएको खबर सबै परिषद्हरूको बीचमा चर्चाको विषय हुन थाल्यो। भगवानले उनको साधना सदाचार कर्तव्यशीलतामा प्रसन्न हुनुभएर बहुश्रुता धम्मकथिक स्मरण शक्ति तथा बुझ्न सक्ने क्षमता आदि उनको गुणको बयान गरी बहुश्रुता हुने हरूमध्येमा अग्र स्थानमा राख्ने कुराको घोषणा गर्नुभयो । जुन कुरा मूल सूत्रले प्रष्ट पारेको छ ।

मूल सूत्र अर्थ भिक्षु हो बहुश्रुता उपासिकाहरू मध्यमा खुजुतरा उपासिका अग्रछिन् ।

४. उपासिका श्यामावती (मैत्री भावना)

श्यामावती भगवती नगरका श्रेष्ठको छोरी थिइन् । एक समय भगवती नगरमा महामारी फैलियो । सुखी सम्पन्न र वैभवले पूर्ण उक्त नगर महामारीको कारण मसानझैं हुन गयो । महामारीबाट बच्न पत्नी र छोरी श्यामावतीलाई लिएर सेठ आफ्नो प्यारो नगर छाड्दै छिमेकीनगर कौसम्बीतिर लागे । सेठले पहिले नै कौसम्बी नगरको सेठ घोसितसँग प्रत्यक्ष भेट नभए पनि पत्रको माध्यमबाट सम्बन्ध बनाई मित लगाएका थिए । मितबाट सहयोग पाउने आशाले कौसम्बी गएको भए तापनि दिनदुःखी अवस्था लिएर सिधै मितसँग भेट्न जान सकेन । भोक र प्यास बेथाले थलिँदै उनको मृत्यु आमा बाबु बितेर टुहुरी भएकी श्यामावती भोजन माग्दै सोध्दै खोज्दै जाँदा दानशालामा सेठ घोसित मितबुवासँग भेट भयो । सेठले आफ्नो मित दम्पतिले आफ्नै सहरमा आएर मृत्युवरण गरेको थाहा पाए र नमज्जा मान्दै श्यामवतीलाई आफ्नै छोरीको दर्जा दिए । स्यामावतीको विवाह राजा उद्यानसँग गरिदिए विवाहपछि श्यामावती राजमहिसी घोषित भइन् । राजदरबारभित्र आफ्नै खालको पाबन्दी थियो बाहिरको सम्पर्क कम हुन्थ्यो परिचारिकाको लागि खुज्जुत्तरा र अन्य महिलाहरू भयो ।

बुद्ध भगवानको उपदेश सुनी कुकर्म त्यागी पञ्चशील पालना गरेकी श्रोतापन्न भइसकेकी खुज्जुतरासँग नियमित भगवानको उपदेश श्रवण गरी दरबार बाहिर बाटोमा बुद्धचारिका गर्न आउँदा दृश्य मात्रै भएपनि हेर्न भित्ताको प्वालहरूबाट हेर्ने गर्थिन् । एकदिन मागन्दिय नाम गरेकी अत्यन्त सुन्दरी युवती लिएर एक ब्राह्मण दरबार बाहिर हाजिर भए । यी तिनै सुन्दरी थिइन् । जसलाई विवाह गर्न एक समय बुद्धले अस्वीकार गरेको थियो। त्यस युवतीलाई पाउन धेरै पुरुषहरू मरिहत्य गरेको तर बुद्धले भने अस्वीकार गरेको भन्दै बुद्धप्रति उनले इख पालेकी थिइन् । त्यही ईखको कारण राजा उदेनसँग विवाह प्रस्ताव राख्न काकासँग त्यहाँ पुगेकी थिइन् राजाले पनि तुरुन्तै उनीसँग विवाह गरे । विवाहपछि बुद्धसँग इख पालेकी मागन्दीले आफ्नो सौता बुद्धको सधैं जसो उपदेश सुन्ने राजप्रसादको भित्ता प्वाल पारी उपदेश सुन्ने गरेको देखि बुद्धसँग द्वेषभाव र सौतासँग इर्ष्याको भावले बुद्धसँग बदला लिई सौताको ठाउँमा आफू बस्नको लागि प्रपञ्च मिलाउन थालिन् । दिनहुँ जस्तो कुनै न कुनै षड् यन्त्र रचेर पञ्चशील भङ्ग गर्ने र दोषी देखाउने

प्रयास गर्न थालिन्। मागन्दिए सौताप्रति अति नै ईर्ष्यालु भएको कुरा राजालाई थाहा थियो। राजा पनि बुद्धप्रति आस्था भएको हुनाले रानी श्यामावतीलाई बुद्ध र सत्यको सेवा गर्न रोक लगाइँदैन थियो। भिक्षु आनन्दलाई उपदेशको लागि घरमा नै बोलाइन्थ्यो। यस्तो वातावरणबाट झन् क्रोधित हुँदै मागन्दियले सौतालाई मार्न श्यामावतीको खोपी भित्र सर्प राखिदिएर राजालाई। सम्म क्रोधित बनाए। रानी श्यामावती सहित उनको परिचारिका सबैलाई एउटै चिहान बनाउन उद्दत भए। तर रानी श्यामावती र उनको परिचारिकाहरूको पाप चित्त नभएको मैत्री चित्तजगाई बसिरहेको प्रभावले राजाले पनि कुनै हतियार उठाउन सकेनन् बरु उनमा पनि मैत्री चित्त उत्पन्न भयो। त्यस उप्रान्त राजा उदेन रानी।

श्यामावती प्रति नतमस्तक भए। रानीको कुरा सुनेर राजा अब बिहारमा भगवान बुद्ध कहाँ जाने, धर्म श्रवण गर्ने तथा दान गर्न थाले। यसरी राजा उदेनको बुद्धप्रति आस्था झन् बढ्दै गयो। उता रानी मागन्दिए भने बेचैन भइन् उनको कुटिल दिमागले एउटा अर्को षड्यन्त्र रच्यो। राजालाई कतै घुम्न लग्यो र त्यसै बीच रानी श्यामावतीको राज प्रसादमा आगो लगाइयो र खुज्जुत्तरा बाहेक सबैलाई एक चिहान बनाइयो। पूर्व जन्ममा गरेको फल भोग्दै उनीहरू सबै आगलागीमा परी भष्म भएका हुन् भनी अथकथामा उल्लेख भएको छ। अघिल्लो जन्ममा उनका सखीहरू सहित उहाँले भित्र समापति ध्यानमा बसेको प्रत्येक बुद्धलाई आगो लगाई नदी किनारमा मारेको कर्मले श्यामावती सहित सबै मर्नुपरेको हो भन्ने कुरा भिक्षुहरूलाई अनिश्फल मरण भन्ने शीर्षकको सुत्रमा देशना गर्नुभएको थियो। बुद्धले श्यामावतीको नाम अग्रउपासिकाको नामावलीमा उल्लेख गर्नुभएको छ।

मूल सूत्र अर्थ, “भिक्षु हो मेरा मैत्री बिहारिनी उपासिकाहरूमध्येमा श्यामावती उपासिका अग्रछिन्”।

५. उपासिका उत्तर नन्द माता (ध्यानी) उनको नाम मूलसूत्रमा उत्तरनन्द माता भनिएको भएतापनि उनको छोराको नाम नन्द भएको हुँदा अथकथाहरूमा उनलाई संक्षेपमा उत्तर मात्र भनिएको छ। उनको पिता पूर्णसिंह सधैँ सेठहरूको खेत जोतेर जीविका गर्थ्यो। एकदिन अग्रश्रावक सारीपुत्र समापति ध्यानमा बसी फर्कंदा भोजनको लागि श्रीमतीले ल्याएको रुखो सुखो भोजन दान गरेको पुण्यले पूर्णेलाई धेरै धन लाभ भएको थियो। आफ्नी छोरीलाई सुमन श्रेष्ठिको (महाजन) छोरासँग विवाह गरी दिएका थिए पूर्णेको परिवार त्रिरत्नप्रति धेरै श्रद्धावान थियो संघलाई यथोचित दान दिई उपसोथ व्रत र पञ्चशील पालना गर्दथ्यो उत्तरा विवाह गरी गएको नयाँ घरमा केही दिन दुलही भएकीले दान र धर्मसँग टाढिएर बसिन्। एकदिन उनले आफ्नो श्रीमानलाई महिनाको आठ दिन उपसोथ बस्ने इच्छा प्रकट गरिन्। तर उनको श्रीमानले अस्वीकार गर्दै कडा शब्दमा भने एकदिनको लागि पनि व्रत बस्ने आज्ञा पाउने छैनौं। व्यथित भएकी उत्तरालाई आफ्नो जीवन बन्दी जस्तै दयनीय लाग्न थाल्यो। बाध्य भएर उनले आफ्नो बाबुलाई खबर पठाइन्। मिथ्या दृष्टि भएको परिवारमा विवाह गरिदिनुभएकोले कुनै दान उपसोथ गर्न पाइन बन्धनमा जीवन बिताइरहेको छु। १५ हजार कास्यार्पण पठाइदिनुहोस् भनिन्। आफ्नो एक्लो छोरीलाई पूर्णेले तुरुन्त पैसा पठाइदियो उत्तराले त्यो पैसा हात पर्ने बित्तिकै सहरको प्रसिद्ध गणिका बोलाएर ल्याइन् र भनिन् “तिमीले मेरो स्वामीसँग १५ दिन बिताउनु

प्रतिदिन एक हजार १५ दिनको १५ हजार दिन्छु। "गणिकाले स्वीकार गरेपछि आफ्नो श्रीमानलाई बिन्ती गरिन्। आफ्नो ठाउँमा श्रीमा गणिकालाई राखेर १५ दिनको लागि उपशोथ व्रत पालना गर्न गइरहेछु। उनले भनेको श्रीमानले मानेपछि श्रद्धाले विभोर भएर बसेकी उत्तरा भगवान कहाँ गई उपदेश सुनेर उपशोथ व्रत बसेर खुसी भइन्। समाप्तिको दिन आयो उत्तराले दान गर्नका लागि जलपान र पूजाको प्रबन्ध गरी पवित्र वस्त्र धारण गरी सुशोभित भएर दान दिन तयार भएर बसिन्। तब उनको आँखा अचानक ग्यालमा पुग्यो उनले देखिन् कोठामा गणिका सिरीमासँगै उनको श्रीमान उठेर उनीतिर हेरिरहेको थियो। उत्तरा देख्नासाथ उनको श्रीमान मुसुक्क हाँसे। उत्तराको ओठमा पनि मुस्कान चिन्न बिजुली झैँ भयो तब उनी लाज ले निहुरिन सिरीमाले उनको प्रेमी आफ्नो महिलातिर आकर्षित भएको देखेर ईर्ष्याले भरिएर रिसाउँदै आवाज निकाल्दै हिँडेर उत्तरा कहाँ पुगिन्।

उनी टाढादेखि रिसले उफ्रँदै आएको देखेर उत्तराले मैत्रीभावमा निभग्न भई बसिन्। श्रीमानले चुलोमा तताइराखेको तेलको कराई उचालेर उत्तरामाथि खन्याइदिन्। मैत्री बलको प्रभावले उत्तरालाई त्यो तातो तेल पनि जल जस्तै शीतल भइदियो। दोषरहित मालिकनीलाई त्यसरी गरेको देखेर दासीहरू दौडेर गई श्रीमानलाई बेसरी गाली गरे। सिरीमाले आफ्नो अपराधलाई बुझिन् तब उनले उत्तराको खुट्टामा ढोग्दै भनिन् आर्या क्षमा गरिदिनुहोस्। उत्तराले शान्त मधुर स्वरले भनिन् "अहिले होइन भगवानको अगाडि क्षमा गर्नेछु। "भगवान भिक्षु संघ सहित उत्तराको घर पाल्नुभयो उनले आदरपूर्वक योग्य आसनमा बसाएर भोजन दान गरिन्। तब सिरीमा आएर भगवानको चरण समीपमा आई ढोग गरेर क्षमा मागिन्। भगवानको सामु उत्तराले श्रीमालाई क्षमा दिइन् र आफूसँगै उपदेश सुन्नको लागि बसाइन। मङ्गलमय उपदेश गाथालाई सुनेर उत्तराको पति सासु ससुरा गणिका पनि श्रोतापन्न भइन्। मङ्गलमय गाथाअक्रोधले क्रोधलाई जित्नु र असाधुलाई साधु भएर जित्नु, कन्जुसलाई दान गरेर जित्नु, असत्यलाई सत्य भएर जित्नु " श्रद्धामयी उत्तराको प्रेरणाले सिरीमालाई उपदेश सुन्ने मङ्गलअवसर प्राप्त भयो। साथै उनको जीवन सुधार भयो। ध्यानी उत्तरा उपासिकाको पनि आफ्नो व्रत समाप्त गरेर इच्छापूर्ण भएकोले आफैलाई धन्य सम्झिइन्। एक दिन जेतवनमा भिक्षु गण सहित बिहार गर्नुहुँदा भगवान बुद्धले उत्तरालाई ध्यानी उपासिकामध्ये अग्र स्थान दिनुभयो।

मूल सूत्र अर्थ भिक्षु हो "मेरो ध्यानी श्रावका उपासिकाहरू मध्यमा उत्तरानन्द माता अग्रछिन्। "यतदग्गसूत्र अ.क. २४०

**६. उपासिका सुप्रभाषा (प्रणित दायीका)**

सुप्रभाषा कोलिय वंशको राजकुमारी थिइन्। यौवनास्था भएपछि उनको विवाह देवदहमा शाक्यवंशका राजकुमारसँग भएको थियो। विवाह भइसकेपछि बुद्धसँगको प्रथम भेटमै सुप्रभाषाले श्रोतापन्न फल साक्षात्कार गरेकी थिइन्। विवाहको सात वर्षपछि उनले शिवलि भन्ने पुत्र जन्माएकी थिइन्। सुप्रभाषा गर्भवती छदा गर्भमा रहेको बालकको पुण्य प्रभावद्वारा उनले निकै सत्कार पाएकी थिइन्। गर्भवती सुप्रभाषाको पुण्य परीक्षण गर्न मानिसहरूले अनेक बिउहरू ल्याई उनलाई छुहाउथे छोएको बिउको फल ससरिक हुन्थ्यो सुप्रभाषाले गर्भधारण गर्दा साह्रै कष्ट भोगेकी थिइन्। जबजब उनलाई गर्भ वेदना हुन्थ्यो उनले बुद्ध धर्म र संघको गुण स्मरण गरी वेदना

सहन्थिन् । अन्तिम साता उनले साह्रै कष्ट पाइन् । स्वभावत स्त्रीलाई प्रसव व्यथा लाग्दा कर्मज वायुचली गर्भस्थ बालकको शिर योनीमार्गतिर पर्नको सट्टा तेर्सो पर्न गयो त्यसैले गर्दा एक सातासम्म व्याकुल भई ज्यादै कष्ट पाएकी थिइन्। असहय वेदना सहनुपर्दा शुप्रभाषाले आफू मर्न अघि भगवान बुद्धलाई दान दिन चाहन्छु भगवान बुद्ध सामु गई मेरो दुःखवेदनाको सबै हाल सुनाई दिनुहोस् भनी श्रीमानसँग अनुरोध गरिन् । त्यसैबेला भगवान बुद्ध कुण्डदान भन्ने वनको बिहारमा बस्नुभएको थियो । सुप्रभाषाको पति भगवान कहाँ गई सुप्रभाषा प्रसव वेदनाले अति पीडा भई बसेको सबै कुरा सुनाए । सबै कुरा सुनी सकेपछि भगवानले “कोलियको छोरी बिना कष्ट पुत्र जन्माउन“ भने आशीर्वाद दिनुभयो । उनका श्रीमान घर नपुग्दै भगवानले आशीर्वाद दिनुभएको बेलामै पुत्र जन्माइन्। श्रीमानले भगवानले भन्नुभएको सबै कुरा सुनाए। पतिको कुरा सुनी सुप्रभाषाले मृत्यु अघि दिन लागेको दान अब मङ्गल दानको रुपमा परिवर्तन भएको छ। जानुहोस् अब भगवानलाई एक सातासम्मको लागि निम्तो दिनुहोस्। सुप्रभाषाको इच्छा अनुसार भगवान कहाँ गई निम्तो गरे। सुप्रभाषा उपासिका संगोपस्थान कार्यमा अग्रसर थिइन्। उनको घरमा हरबखत संघभोजन र पौदलिक भोजन गरी जम्मा ८०० जनाको भोजन प्रदान गरिन्थ्यो। भिक्षु संघको निम्ति भोजन तथा बैषज्य वस्तुहरू आवश्यकता अनुसार स्वयं विचार पूर्वक आफै व्यवस्था गर्दथिन्। उनको घरमा भिक्षाटन जाने भिक्षु भिक्षुनीहरू खाली हात फर्कन पर्दैनथ्यो। उनले जे दान पनि उत्कृष्ट रुपले दिन्थिन्। यसै कुरालाई ध्यानमा राखी भगवान बुद्धले उनलाई उत्कृष्ट रूपले दान दिने उपासिकाहरूमध्ये अग्र स्थानमा छिन् भने घोषणा गर्नुभएको थियो ।

मूल सूत्र अर्थ “भिक्षु हो मेरो प्रणित दायिका उपासिका मध्येमा कोलियको छोरी सुप्रभाषा अग्रछिन् ।”

एक समय कोलीयनगरमा भगवान बुद्ध बस्नुभएको बेला सुप्रभाषाले भगवानलाई आफ्नै हातले प्रणित भोजन गराएको थिइन् । भोजन उप्रान्त भगवानले निम्न उपदेश सुनाउनु भएको थियो । भोजन दिँदा चार कुरा दिएको हुन्छ । आयु दिएको हुन्छ, वर्ण दिएको हुन्छ, सुख दिएको हुन्छ र बल दिएको हुन्छ ।

“आयु दिँदा दिव्य आयु लाभिनि हुनेछ। वर्ण दिँदा दिव्य मानुष्य वर्णलाभिनी हुनेछ सुख दिँदा दिव्य सुखलाभिनी हुनेछ । बल दिँदा दिव्य मानुष्य बल लाभिनी हुनेछ ।”

**७. उपासिका सुप्रिया (रोगीको सेवा)**

सुप्रिया उपासिकाको जन्म वाराणसी देशको कुल गृहमा भएको थियो। एक दिन बुद्ध वाराणसी पाल्नु हुँदा सुप्रियाले उहाँको दर्शन पाएकी थिइन् र प्रथम भेटमा नै बुद्धको उपदेश सुनी श्रोतापन्न फल साक्षात्कार गरेकी थिइन् । सुप्रियाले श्रद्धा र भक्ति तथा समबुद्धि भएका सुप्रियसँग विवाह गरेकी थिइन् । यिनीहरू दुवैको विचार एक भएकाले दुवै स्त्री र पुरुष बुद्ध धर्म तथा संघको सेवा गर्नमा निरन्तर व्यस्त थिए ।

सुप्रिया उपासिका र विशाखा महाउपासिका बुद्धको उपदेश सुनिसकेपछि दुवै उपासिकाहरू जेतवन बिहारभित्र अस्वस्थ बिरामी भिक्षुहरूको हेरचाह गर्न गएका थिए। त्यो दिन बिहार घुम्न जाँदा सुप्रिया उपासिकाले एक अस्वस्थ भिक्षुलाई देखिन् । दयावान उपासिकाले बन्दना गरी कोमल शब्दले सोधिन् के मैले तपाईंको सेवा गर्न सक्छु ?

भन्नुहोस् तपाईंलाई के चाहिन्छ? उपासिका मलाई मासुको रस चाहियो, सुप्रियाले सहर्ष स्वीकार गरी फर्किन्। भोलिपल्ट आफ्नो दासीलाई मासु किन्न पठाइन्। सहरमा मासु जताततै खोजिन् दासीले मासु पाइनन् किनकि त्यस दिन चारैतिर हिंसा गर्न बन्द गरिएको रहेछ । दासीले सुप्रियालाई कतै मासु नभएको कुरा बताइन् । त्यो कुरा सुनेर सुप्रियालाई चिन्ता भयो। किनकि उनले भिक्षुलाई वचन दिइसकेको थियो। उनले विचार गरिन् रस पाएन भने आर्यको मन दुःखी हुनेछ । यसरी विचार गरे पछि धारिलो सुराले नरम तिग्राको मासु सहर्ष पूर्वक काटिन् । पछि केही नभएझैं गरेर दासीलाई बोलाई मासु दिएर भनिन् यसको जति सक्दो मिठो रस बनाउ आफू बिहारमा जान असमर्थ भएकोले रस विहार सम्म गएर आर्यलाई दिइ आफू रोगी भएको छु भनि भन्नु भनिन् । दासीले एक्लै आएर केही दिएर गएकाले बुद्धले पनि सुप्रियाको सेवा बुझ्नुभयो । भगवानको करुणा पनि उनको सेवा र श्रद्धा देखेर रसिद भयो शास्ता भगवान बुद्ध करुणापूर्वक स्वयं भिक्षु संघहरूसँग भिक्षाटन गर्नुहुँदै सुप्रियाको ढोकामा पुग्नुभयो। सुप्रिया हर्षित हुँदै आफ्नो स्वामीलाई बुद्ध र उनको भिक्षु संघलाई गौरवपूर्वक बसाउनुहोस् भनिन् उनका स्वामीले नमस्कार गर्दै भगवानसहित भिक्षु संघलाई योग्य स्थानमा बसाल्यो। भगवानले शान्त स्वरमा भन्नुभयो सुप्रिया कहाँ छिन् ? उनलाई बोलाउ उनका स्वामीले बिरामी छिन् भनेर भने भगवानले उनको कुशल समाचार सोध्नुभएको सुप्रियाले सुनिन् श्रद्धाले उनको मन छचल्कियो । उनले विचार गरिन् सारा लोकलाई असल गर्ने भगवानले बिना कारण बोलाउनु हुन्न उनी उठिन् र उनले देखिन् तिघ्रामा मासु भरिएर आएछ। पहिलाभन्दा पनि अझ राम्रो भएछ बुद्धानुभावले उनको स्वास्थ्य शीघ्र ठिक भयो । उनको खुसीको सीमा रहेन उनले हर्षित मन गर्दै भगवान सहित भिक्षु सत्यलाई निहुरिएर बन्दना गरिन् । भिक्षु संघलाई प्रणित खाद्य भोजन आफ्नै हातले अर्पण गरिन्। भोजन दान स्वीकार्नु भई आशिर्वाद दिनुभई भगवान भिक्षु सँगै बिहार फर्कनुभयो। त्यसपछि संघलाई भेला गराउनु भएर त्यस्तो कष्ट दिने निन्दित काम गर्नु हुँदैन भनि आज्ञा गर्नुभयो। केही दिनपछि जेतवनमा धर्म देशना गर्नुहुँदा रोगीको सेवा गर्नेहरूमध्ये अग्र भएकी सुप्रिया उपासिकालाई श्रेष्ठ पद दिनुभयो ।

मूल सूत्र अर्थ, “भिक्षु हो रोगीको सेवा गर्ने मेरा उपासिकाहरूमध्ये सुप्रिया उपासिका अग्रछिन् ।”

यत दग सूत्र अ.क. २४४

८. **उपासिका कात्यायनी** (**सदैव प्रसन्न चित्त**)

आलवक एक्सले केलाई धन भन्दछन् सोधेको उत्तरमा भगवानले श्रद्धा नै श्रेष्ठ धन भनी भन्नुभएको हो। कसिस भारद्वाज ब्राह्मणले सोधेको प्रश्नको जवाफमा भगवान बुद्धले श्रद्धा नै बिउ हो भनी भन्नुभएको थियो। जस्तै संसारमा कुनै पनि उब्जनी गर्न सर्वप्रथम बिउको आवश्यकता पर्दछ बिउ नरोपी कुनै पनि वस्तुको उत्पादन हुन सक्दैन। त्यस्तै श्रद्धा नभई कुनै कार्य सफल हुन सक्दैन । श्रद्धा हुनेले गर्न नसक्ने त्याग अथवा बलिदान कुनै पनि छैन । संसार रूपी भव सागरबाट उत्तिर्ण हुन सर्वप्रथम श्रद्धा नै चाहिन्छ ।

कात्यानी उपासिकाको श्रद्धा र प्रसन्न अति उत्कृष्ट थियो त्यसैले भगवानले उनलाई प्रसन्न हुने उपासिकाहरूमध्ये अग्र स्थानमा राख्नु भएको हो। कात्यायनी उपासिका बुद्धको समयमा अवन्ती देशको कुररघर भन्ने नगरमा जन्मेकी थिइन्। काली भन्ने उपासिकासँग उनको घनिष्ठ

मित्रता थियो। उनीहरू दुवै जना सँगै बस्दा भगवानको उपदेशको छलफल गर्दै गुणगान गर्दथे मङ्गलमय उपदेशको पालना गर्दथे। केही समय पश्चात कालिकाको सुपुत्र स्वर्ण कुट्टी कर्ण भन्ने स्थवीर श्रावस्तीमा बुद्ध भगवानलाई भेटी फर्केर आएपछि आमा काली उपासिका र संगिनी कात्यायनी छोरासँग धर्म उपदेश सुन्न अनुरोध गरी धर्मसभामा उपस्थित भएकी थिइन्। त्यसबेला धर्म उपदेश सुन्ने समय प्राय रात्रीको समयमा हुन्थ्यो। त्यसैबेला चोरहरू सुरुङ खनी योघरमा बस्न लागेको थिए। त्यस रात नगरमा मानिसहरूको विशाल भेला भइरहेको देखि चोर मण्डलीको नाइके त्यहाँ केको भिड रहेछ भन्दै कात्यायनीको पछिलतिर बसिरहेको थियो र काली उपासिकाको प्रदीप पूजामा सहभागी भई आफूले पनि पुण्य आर्जन गर्नका लागि दासीलाई घर गई तेल ल्याउनु भनिन् ।कात्यायनीको आज्ञा सुनेर दासी घर जाँदा घरभित्र चोरहरू पसिसकेको देखि तेल नली हत्तपत्त फर्की घरमा चोर पसेको कुरा मालिकनीलाई बताइन्। कात्यानीको पछाडि बसेको चोरको नाइके सो कुरा सुनी घर गएमा त्यही नै तरवारले टुक्रा पारिदिन्छु भनी सोच्दै बसेको थियो।

धर्मपदेश सुरु भयो कात्यायनी श्रद्धापूर्वक उपदेश सुन्दै बसिरहिन्। उनले दासीलाई भनिन् उपदेश सुनिरहेको बेला बाधा दिन नआउ चोरहरूले भौतिक धन लान खोजेको छ लान देउ आज मैले उपदेशरुपी धन जम्मा गर्दैछु। श्रद्धाभूत कात्यानीको गम्भीर स्वर सुनेर चोरको सरदारको हृदय पग्लियो मनले आफूलाई नै धिक्कार गर्यो। आफू एउटी महिलाभन्दा पनि मूल्यहीन छ जुन धनलाई उनीले एकरति पनि चित्त नदुखाई त्याग गर्यो त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा आफू पृथ्वीमा धसेर जानेछ। उनको विचार बदलियो पछि आफ्ना चोर साथीहरूलाई सारा कुरा भने धन त्यही छाडी चोर मण्डली सबै धर्म उपदेश सुन्न आए। रात बित्यो उज्यालो भएर आउँदा अमृत वर्षा झैं भएको उपदेश सुनेर हर्ष मङ्गल सुमङ्गल छर्न थाले सारा नरनारीहरूको हृदय प्रसन्नताले छल्कियो स्थवीरको धर्म उपदेश सुनी कात्यायनी उपासिकाले श्रोतापन्न फल साक्षात्कार गरिन्। कात्यायनी घर फर्किन्। केही समयपछि चोरको नाइकेले कात्यायनीलाई सबै बताएर आफूले गर्न लागेको चोरी कुकर्मप्रति पश्चाताप गर्दै उनको खुट्टा ढोग्यो। उनीहरूको विचार बदलिएको भएर क्षमा दिइन्। चोरहरूले नराम्रो कर्म त्यागी असल जीवन बिताउनको लागि प्रवजित हुन अनुरोध गरे। उनीहरूको भावयुक्त कुरा सुनेर दया भएकी कात्यायनीले स्थवीर सौण कुट्टीकणको अगाडि लगिन् उनीहरू सबै भिक्षु भए सबै कठिन साधनाहरू गरी ज्ञान लाभ गरे। कात्यायनीको अत्याधिक त्याग र अधिक श्रद्धाले चोरहरूको जीवनमा बदलाव ल्याएको र श्रद्धाको साथै उपदेश सुनेर पालना गर्ने भएको तथागतले खुसी हुँदै कात्यायनीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकाहरू मध्ये अग्र स्थान दिनु भएर कृतार्थ गर्नुभयो।

मूल सूत्र अर्थ "भिक्षु हो अचल प्रसन्न हुने मेरो साबिका उपासिकाहरू मध्यमा कात्यायनी उपासिका अग्रछिन्।"

९. उपासिका नकुल माता (विश्वाससिनी) शुद्ध गृहस्थी जीवन र सुखमय दाम्पत्य जीवन बिताई धर्म उपदेश गरी मोक्ष पहिल्याउन सकिन्छ भन्ने कुरा नकुल माता उपासिकाको जीवनीबाट देखिन्छ। नकुल माताको विवाह सानै उमेरमा सुसुमार गिरीको नकुल पितासँग भयो भन्ने पुत्रको

आमा बाबु भएको हुनाले यिनीहरू दुवैलाई नकुल माता र नकुल पिता भनिएको हो भन्ने उल्लेख संयुक्त निकायमा गरिएको छ। सुखमय जीवनको पूर्ण आदर्श नकुल माता र नकुल पिताको जीवनमा पाइन्छ। यिनीहरूको बडो उदार चरित्रको थियो। जस्तो स्त्री उस्तै पुरुष जस्तो पुरुष उस्तै स्त्री एउटाको शरीर भए एउटाको मन एउटाको मन भए अर्कोको शरीर भई यिनीहरू समान विचार समान श्रद्धाका थिए। दुधमा पानी जस्तै भई यिनीहरूले आफ्नो जीवन बिताएको थियो। भगवान सर्वप्रथम सुसुमार्गमा पाल्नु हुँदा नकुल माता आफ्नो पतिसँगै सर्वप्रथम उहाँको दर्शन गर्न गएकी थिइन्।

**भगवानसँग पहिलोपटक भेट्दा यिनको मनमा**

भवान्तरमा बुद्धलाई लालनपालन गरिसकेको हेतुले गर्दा भगवानप्रति स्नेह उत्पन्न भएकोले यिनी बाछा देख्दा गाई दगुरे झैँ दगुरी बुद्ध भगवानलाई पुत्र संज्ञाले सम्बोधन गर्दै उहाँको चरण कमलमा ढोग्न आएकी थिइन्। प्रथम भेटमा नै नकुल माता श्रोतापन्न भइन्।

भिक्षुहरूले सोधेका थिए भगवान यहाँ कुनै पुरुषलाई देख्ने बित्तिकै कसैको हृदय शीतल भई चित्त पनि प्रसन्न हुनाको हेतु के होला। त्यसपछि भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो। ओल्लो र पल्लो छेउ नदेखिने यो भवसागरको अनुगमनलाई पूर्वानुस्मृति ज्ञानले हेर्ने हो भने यस संसारमा कुनै न कुनै प्रकारले सम्बन्ध नभएको प्राणीहरू भेट्टाउन सकिँदैन। यी नकुल माता भवान्तरमा धेरै जन्महरू सम्म निरन्तर मेरी आमाको रूपमा, बजैको रूपमा, सानी आमाको रूपमा थिइन् र जन्म जन्मान्तरमा यिनले मलाई काखमा लिई दूध खुवाई लालनपालन गरी मलाई हुर्काइसकेको हुँदा सोही संस्कारको बलियो प्रभावले गर्दा अहिले मलाई यिनले देख्ने बित्तिकै यिनको मनमा कमलको फूल फुले जस्तै स्नेह उत्पन्न भई ममाथि दृढ विश्वास उत्पन्न भएको हो भने अतितको कुरा प्रकाश पार्नुभयो।

नकुल मातापिता दुवै बुढाबुढी भइसकेपछि भगवान एकदिन सुसुमार गिरी जानुभएको थियो। भगवान त्यस नगरमा आइपुग्ने खबर सुन्नासाथ उनीहरूले पनि उहाँलाई भोजनका लागि निम्त्याए। भगवान उनीहरूको घरमा भोजनको निम्ति जानुभयो। बुद्ध प्रति यिनीहरूको अघात श्रद्धा र विश्वास थियो। बुद्धको अगाडि आफ्ना भित्री हृदयका कुराहरू पोख्न पाउँदा यिनीहरू साह्रै खुसी हुन्थे। त्यस दिन भगवानले भोजन सकेपछि एक छेउमा बसेर यिनीहरूले बुद्धको अगाडि आफ्ना भित्री हृदयका कुराहरू विश्वासपूर्वक पोख्दै आफ्ना बितेका जीवनका कुराहरू स्मरण गर्दै अत्यन्त प्रसन्नताका साथ नकुल पिताले नकुल माताप्रति आफू सन्तोषपूर्ण रहेको कुरा सुनाए अनि नकुल माताले पनि आफू कुमारी अवस्थामै नकुल पितासँग विवाह भई आएदेखि आफू पनि नकुल पिता प्रति सदा सन्तुष्ट रहेको मात्र होइन उनीप्रति कुनैको भावनासमेत मनमा उत्पन्न नभएको कुरा प्रकट गरिन्। यसको साथै यस जन्ममा मात्र नभई परजन्ममा समेत उनीहरू एकसाथ बस्न पाए हुन्थ्यो भन्ने कुरा पनि दृढताका साथ प्रकट गरिन्। उनीहरूको मनसाय बुझी भगवानले परलोकमा पनि एकै साथ बस्न चाहनेले, समान विचार, समान श्रद्धा तथा समान बुद्धि र गुण हुनुपर्छ। भन्नुहुँदै उनीहरूलाई सन्तुष्ट पारी सुखमय दाम्पत्य जीवन भन्ने सूत्रको उपदेश सुनाउनुभयो। एकदिन नकुल पिता बिरामी भए नकुल माताले अनेक वैद्यहरूलाई बोलाई औषधि गराइन् किन्तु रोग निको पार्न सकिएन। वैद्यहरूले औषधि गर्न छोडिदिए अनि

पतिभक्तिनी नकुल माताले व्याधि नहुने प्राणी यो संसारमा कुनै छैन यिनलाई वैद्यको औषधिले रोग निको पार्न सकिएन वैद्यले पनि त्यागिसक्यो यिनी व्याधिग्रस्त छन्। यस्तो अवस्थामा मैले आफ्नो सत्यक्रियाद्वारा यिनको रोग निको पार्न सक्नुपर्छ भने विचार गरी उनी आफ्नो पतिको अगाडि गई उनको हृदयमा प्रीति उत्पन्न हुने गरी नकुल माताले जुन रुपले आफ्नो पतिलाई सत्य कुरा सुनाइन्, ती साह्रै मर्मस्पर्शी तथा आश्चर्यजनक छन्। मानिसहरू प्राय मृत्युदेखि डराउँछन् र मृत्युको बारेमा कुरा गर्न चाहँदैन। अथवा भयभित हुन्छन् किन्तु बुद्ध धर्ममा मानिसलाई मृत्युको बारेमा प्रष्ट रुपले निर्भिक भई कुरा गर्ने बानी सिकाई दिएको छ। क्षण क्षणमा मृत्युको सम्झना दिलाई अप्रमादी भई जीवन बिताउने तिर प्रेरणा दिन्छ। प्रमादी भई हतोत्साही बनाउँदैन। यदि मृत्युपछि दुःख चाहँदैन भने जिउँदै छँदा त्यसको तयारी गर्नुपर्छ। जीवनलाई राम्रो बनाउन सक्नुपर्छ राम्रो जीवन बनाउन सकेमा मृत्युपछि मात्र नभई इहलोकमै पनि धेरै सन्तोष पाउन सकिनेछ।

उपरोक्त कुराको पुष्टि नकुल माताले बिरामी पतिलाई आश्वासन दिएकोबाट स्पष्ट देखिएको छ। बिरामी भइरहेको आफ्नो वृद्ध पतिको अगाडि बसी नकुल माता आफ्नो आत्मालाई साक्षी राखी तीन कारणहरू र आफ्नो शील समाधि बारे बुद्धलाई साक्षी राखी तीन कारणहरू बताउँदै पतिको हृदयलाई सान्त्वना दिई प्रफुल्लित पारी नकुल पिताको रोग निको पारी दिइन्। यस्तै बुद्धिमानी तथा शिलवती नारीलाई लक्ष्य गरी भगवान बुद्धले बथु सूत्रमा "भार्या नै परम मित्र हो। " भने भन्नुभएको हो। भगवान बुद्ध भेट्नु अगाडि देखि नै यिनीहरूको जीवन चरित्र अत्यन्त परिशुद्ध भएको कुरा पनि सुत्रबाटै प्रष्ट बुझिन्छ। बुद्धसँग भेट भएपछि त सुनमाथि सुगन्ध भने जस्तै श्रोतापन्न फल प्राप्त गरी दुवै निवाण परायण भए। यिनीहरूको जीवन गृहस्थहरूको निम्ति प्रेरणादायी भएको छ। यसरी नकुल पितालाई नकुल माताले सम्झाई बुझाई प्रेमपूर्वक कुरा सुनाउने गर्दा उनको रोग निको भएपछि लौरो टेक्दै भगवान बुद्ध कहाँ गए भगवानले उनलाई सम्झाउन यस्तो भन्न भयो। हे गृहपति तिम्रो निम्ति सुलाभ हो जसको नकुल माता जस्ती अनुकम्पपिता अनुकामीनी अववादिता तथा अनुशासिता स्त्री छे। "हे गृहपति जति मेरा निर्मल शुद्धजीवी राम्ररीशील पालना गर्ने समाधि लाबिनी धर्मविनयता गम्भीरता प्राप्त आश्वासन प्राप्त सङ्का सन्देह लिइ कुरा गर्नु नपर्ने वैसरथ प्राप्त कसैको भरमा पर्नु नपर्ने गृही साबिकाहरू छन् तिनीहरूमध्ये नकुल माता एक हुन्।"

अग्रस्थान मूलसूत्रको अर्थ "भिक्षु हो मेरा विश्वासिनी उपासिका मध्यमा नकुल माता गृहपत्नी अग्रछिन्"

१०. उपासिका काली (अनु श्रवण) जसले आफ्नो छोरालाई जन्मेदेखि नै त्रिरत्नको मङ्गल उपदेशतिर डोऱ्याइन फेरि उसलाई एउटा स्थवीरको रुपमा देखेर आफ्नो हृदय हर्षले भरिन्, त्यस भाग्यशाली आमाको नाम हो काली उपासिका। काली राजगृहका धनी कुल घरानामा जन्मेकी थिइन्। केटाकेटीदेखि नै हँसिलो अनुहार भएकी र गाह्रो काममा पनि सजिलै आरामसाथ गर्ने उनको अर्को बानी थियो। शिक्षाको साथसाथै घरको काम पनि राम्ररी सिकेर यौवन अवस्थामा पुगेपछि अवन्ती जनपथको एकजना धनी युवकसँग विवाह गरिन्। विवाहपछि काली आफ्नो स्वामीसँग अवन्ती जनपथको कुराघर नामक सहरमा बस्ने गर्थिन्। त्यहाँ उनले एकजना श्रद्धालु

महिला कात्यानी भेटिन् । जो गुण स्वभाव र उमेर पनि आफूजस्तै थिइन् उसले कात्यायनीलाई त्रिशरणको विषयमा कुरा सुनाउने र कात्यानीले त्यसलाई श्रद्धापूर्वक सुन्ने गर्थिन् । उत्तमशीलमय जीवन बिताउँदै घरको आवश्यक सेवा गर्दै जाँदा केही दिनपछि गर्भवती भइन्। आफ्नो कुलको रीति थिति अनुसार पहिलो बच्चा जन्माउन आफ्नो माइती राजगृह गइन्। एकदिन राती आफू सुत्ने कोठामा झ्यालमा बसी उसले झकीझकाउ राजगृहको सुन्दरता हेरिरहेकी थिइन् । एक प्रहर रात बितिसकेको थियो अन्धकारको साथसाथै सुनसान पनि थियो ।

त्यसै निरवतामा हराएर गएको झैं भएकी काली उपासिकाले सातागिरी र हेमवत यक्षहरूले त्रिरत्नको गुणगान गरेका सुनिन् । अनि मन्त्र मुग्ध भएर सुनिरहिन् उनको मन बुद्धगुण सुनेर साह्रै प्रसन्न भयो । मनमा अपार श्रद्धा उत्पन्न भयो उनको हृदयमा प्रीति सुख भरिएर आयो । बुद्धलाई नदेखी कतै कुनै भिक्षुलाई नदेखिकनै तथा कसैबाट धर्म उपदेश पनि नसुनिकनै केवल यक्ष देवताले बुद्धको बयान गरिरहेको कुरा मात्र सुनी अनुश्रुति द्वारा नै चित्त प्रसन्न गरी, एकजनालाई पस्केको भात अर्कैले खाए झैं गरी काली उपासिका श्रोतापन्न भइन् ।

यसै घटनालाई ध्यानमा राखी भगवान बुद्धले यिनलाई पछि अनुश्रुतिद्वारा प्रसन्न हुने महिलाहरूमध्ये अग्र स्थानमा राख्नुभएको कुरा मूल सूत्रबाट प्रष्ट हुन्छ । यसरी अनुश्रुतिद्वारा मात्रै बुद्ध धर्म तथा संघप्रति अति प्रसन्न भई श्रोतापन्न भइसकेपछि सोही रातमै आषढ पूर्णिमाको रातमा उनले सोर्ण भन्ने पुत्र जन्माइन्। यसपछि उनी आफ्नो पति कुलमा नगरमै फर्केर गइन् । पेटमा भएको बच्चालाई पनि आमाको विचारको राम्रो प्रभाव पर्न गयो कालीले सुन्दर बच्चा जन्माएर अवन्ती जनपदमा फर्किन्। उनको समय घरको काममा भन्दा शिल एवं उपदेश पालना गर्नुमा नै बित्ने गर्दथ्यो। कालीको छोरा सोर्ण बाल्यकालमै उसमा आमाको असल प्रभाव पर्न गयो । पछि ठूलो भएपछि प्रवज्जा ग्रहण गरेर साधनामय जीवनलाई नै असल सम्झेर अपनाए ।

कालन्तरमा धर्मलाभ गरी कुट्टीकण सोण स्थवीर भनी प्रख्यात भयो । जेतवन बिहारमा भगवान शास्ताको दर्शन गरी जब आफ्नो जन्म भएको ठाउँ कुररघर आउनुभयो तब उहाँ जननी काली र आमाको साथी कात्यायनीले हृदयदेखि स्वागत गरे र उनीहरूलाई धर्म कथा र उपदेशहरू सुनाए । नोटः तल केही वाक्यांशहरूमा काली, कात्यायनी र स्थवीरको को प्रसङ्ग दोरिएको छ ।

(त्यही राति कात्यानीको घरमा चोरी गर्ने उद्देश्यले चोरको सरदारले चोरहरूलाई सुरुङ खन्न लगाई धर्मसभा भइरहेको ठाउँमा काली र कात्यानीको पछाडि उभि के भएको रहेछ भने सुनिरह्यो त्यहीबेला कात्यानीले आफ्नो दासीलाई घरमा गई बत्ती बाल्नको लागि घिउ लिएर आउ भनी अराइन् दासी घरमा पुगेर हेर्दा चोरहरूले चोरी गरिरहेको देखि डरले थरथर काम्दै कात्यानीलाई घरमा चोर पसेको कुरा सुनाइन् ।

त्यतिनै ब सो कुरा सुनेर चोरको सरदारले कात्यानी घरमा गएमा टुक्राटुक्रा पारिदिनेछु भनी विचार गर्दै थियो। उपदेश सुन्दै कात्यानीले दासीलाई भनिन् "चोरहरूले भौतिक धन लागिरहेको छ लानदेउ आज मैले अमूल्य धन जम्मा गर्दैछु ।") त्यसमा बाधा दिन नआउ" श्रद्धायुक्त कात्यानीको गम्भीर स्वर सुनेर सरदारको कडा हृदय पग्लियो उसको मनले आफूलाई धिकार्यो एउटी महिलाभन्दा पनि मूल्यहीन छ कि जुन धनलाई उसले एकरति पनि

चित्त नदुखाई त्याग गरिन् त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा पृथ्वीमा धसेर जानेछ। चोरको विचार बदलियो सबै धन छोडी उपदेश सुन्न थाले रात बित्यो बिहान भयो सारा नरनारीहरूको हृदय प्रसन्नताले छल्कियो कात्यानी पनि घर आइन् केही समय पश्चात चोरको सरदारले कात्यानीको खुट्टा ढोगेर क्षमा माग्यो "क्षमा गरिदिनुहोस् ।" भन्दै चोरले राति भएको सारा कुरा बताई नराम्रो कर्मलाई त्याग गरी असल जीवन बिताउन प्रवजित हुने इच्छा प्रकट गयो ।

उनीहरूको भावयुक्त कुरा सुनेर दया भएकी उपासिका कात्यानीले उनीहरूलाई स्थवीर कुटिकण सोणको अगाडि लग्नु भयो उनीहरू सबैले प्रवज्जा ग्रहण गरी भिक्षु भए सबैले कठिन साधना गरी ज्ञान लाभ गरी अरहत पद प्राप्त गरे ।

काली उपासिकाको हृदय हर्षले भरियो किनकि उसको छोराले त्यतिका चोरहरूलाई चोरी गर्नबाट अलग गरेर साधनामय जीवन बिताउन टेवा दिएका थिए जसले गर्दा उनीहरूको जीवन सुधार भयो। काली उपासिका प्रसन्नतापूर्वक धर्मकथा सुनेर दानमय जीवन बिताइन् । काली उपासिकाको श्रद्धाले प्रसन्न भएर भगवान तथागतले जेतवनविहारमा रहनु हुँदा काली उपासिकालाई प्रशंसा गर्नुहुँदै अनुश्रुतिद्वारा प्रसन्न हुने उपासिकाहरूमध्ये श्रेष्ठ पद दिनु भई कृतार्थ गर्नुभयो अग्रस्थान सूत्रको अर्थ भिक्षु हो अनुश्रुति द्वारा प्रसन्न हुने मेरा उपासिकाहरू मध्येमा कुरारघरकी काली उपासिका अग्रछिन्।

**निष्कर्ष**

भगवान बुद्धले पुरुष सरह स्त्रीलाई अग्रस्थान दिइ विभिन्न विशिष्ट पदद्वारा विभूषित गरी दिनु भएको थियो। ती समकक्षी नारीहरू धैर्यवान, सामर्थ्यवान, नैतिकवान र रिद्धिवान् थिए। भगवान बुद्धले महिला र पुरुष भनेर कतै पनि भेदभाव गरेको पाइँदैन "इथिनो हो तु पण्डितो"स्त्री पनि पण्डित हुन सक्छन् महान विद्वान हुन सक्छन्। देशको शासन भार सम्हाल्न सक्ने क्षमता हुनसक्छ भनेर सूत्रमा देशना गर्नुभएको छ ।

बौद्ध साहित्यको अध्ययन गर्दा पुरुषहरूको जति चर्चा र परिचर्चा गरेको छ त्यही दाँजोमा महिलाको पनि चर्चा गरेको पाइन्छ। धम्मसेनापति सारीपुत्र, मौदगल्यान, आनन्द,कुमार-काश्यप भिक्षुहरूले बुद्धशासनको संरक्षण गर्न जति भूमिका खेलेको थियो त्यति नै महिलाहरूले पनि भूमिका खेलेको देखिन्छ। बुद्ध धर्म र संघप्रति श्रद्धाभाव राखी अनाथपिण्डक महाजनले सुनको असर्फी बिछाएर जेतराजकुमारको बगैंचा खरिद गरी बिहारहरू निर्माण गरेर संघलाई दान गरे। त्यसरी नै उपासिका विशाखाले पनि बुद्ध धर्म र संघलाई व्यवस्थित बनाई राख्नको लागि आफ्नो अमूल्य गहना महालता पसाधान बेचेर बिहार बनाउनुभयो। बुद्धशासनलाई अगाडि बढाउनको लागि सत्यमा आबद्ध रही सल्लाहकारको भूमिका निर्वाह गर्नुभएको थियो ।

बुद्धकालमा विभिन्न पृष्ठभूमिबाट आएका महिला उपासिकाहरूले बुद्ध धर्म र संघमा आबद्ध रही धर्मलाभ गरी बौद्ध धर्मलाई उत्थान प्रचारप्रसार र प्रवर्द्धन गर्नका लागि ठूलो योगदान दिएको कुरा बौद्ध महिलाहरूको अध्ययनबाट थाहा हुन्छ। बुद्धबाट एक दग्ग अग्रपद हासिल गर्न सफल भएको १० उपासिका हरू गृहस्थमा नै रहेर पनि बौद्ध धर्ममा अगात श्रद्धा र संघको सेवा गरी भगवान बुद्धद्वारा प्रशंसित भएका थिए ।

भगवान बुद्धको सदधर्म सदाचार र समाजवादी आदर्श शिक्षामा त्यस समयका महिलाहरूले हासिल गरेको आध्यात्मिक ज्ञान र उपलब्धिहरू

आजको महिला हरूको लागि पनि अनुशरणीय छन्। आध्यात्मिक ज्ञानद्वारा जीवन र जगतको वास्तविकतालाई राम्ररी बुझी विवेकपूर्ण र सदाचारको जीवनशैली अपनाउन सकिन्छ। भन्ने कुरा यी महिलाहरूको जीवनी र व्यक्तित्वबाट प्रष्टै बुझ्न सकिन्छ। कुनै पनि व्यक्ति समाज र राष्ट्रको समृद्धी समुन्नति र विकासको लागि महिला वर्गको भूमिका पनि उत्तिकै देखिन्छ। सर्वप्रथम आध्यात्मिक चेतना भएको महिलाले नै आफ्नो सन्तानलाई माया ममता करुणाले उचित शिक्षा र संस्कारहरू दिएर सभ्य र परिश्रमी सुसंस्कृत, विवेकशील असल नागरिक बनाउन प्रेरित गर्दछ। त्यसैले एउटा असल नागरिक र समाज निर्माण गर्नका लागि पनि बुद्धको शिक्षा र महिलाको भूमिका उत्तिकै महत्वपूर्ण छ।

विशेषगरी समाजमा नारीहरूले निभाउनुपर्ने भूमिका भोग्नुपर्ने समस्या र मुक्तिका लागि गर्नुपर्ने संघर्षहरू तत्कालीन समयदेखि आजको युगमा पनि उत्तिकै सान्दर्भिक छन्।

## सन्दर्भ सूची


बोधिसेन भिक्षु अनु, अङ्गुतर निकाय (एक दग्ग भग्ग) काठमाडौँ; जेठी माया बानिया इ.सं. (२०१३)।

अमृतानन्द, भिक्षु, बुद्धकालीन नेपाली विद्याकोष विषयगतः बुद्धकालीन श्रावणीका चरित्र भाग-१ (ललितपुर : वीरपूर्ण पुस्तक संग्रहालय बि.सं. २०७६)।

अमृतानन्द, भिक्षु,बुद्धकालीन नेपाली विद्याकोष विषयगत : बुद्धकालीन महिला भाग १ (ललितपुरः वीरपूर्ण पुस्तक सङ्ग्रहालय बि.सं. २०७६ )।

अमृतानन्द, भिक्षु (अनु) धम्मपद,काठमाडौँः नेपाली छैठौँ संस्करण,(आनन्दकुटी बिहार गुठी स्वयम्भू ई.सं. २०००)।

कौडन्य, भिक्षु, परिति शिक्षा भाग ३ पाटन नेपाली पाठ्यक्रम व्यवस्थापन समिति पाटनः मणिमण्डप महाविहार।

महर्जन बसन्त, 'बुद्ध र महिला काठमाडौँ : ईसाइड पब्लिकेसन प्रा.लि.।

मानन्धर नानी मैया, 'नारीप्रति बुद्धको देन', (पाल्पाः श्री विश्वमान बज्राचार्य परिवार ई.सं.२००६)।

बज्रचार्य,' नेपालको बौद्ध धर्म र संस्कृतिमा महिला वर्गको योगदान'। बुद्ध ज्योति काठः पद्मकन्या क्याम्पस अङ्क १ (२०७०)।

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना !

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा
देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, सुख, शान्ति,
उन्नति, प्रगति, समृद्धि र दीर्घायुका लागि
हार्दिक मंगलमय शुभकामना !

## तथागत सिद्धार्थ गौतम बुद्धको
## करूणाले सबैको मंगल होस् ।

BUDDHISM DIGITAL LIBRARY 2567

**BUDDHISM**
**DIGITAL LIBRARY (BDL) Inc.**

The mission of Buddhism Digital Library (BDL), Inc is to create an online digital space for learning and sharing together. Welcome everyone to join with us to promote wisdom, peace, compassion, and social harmony among all sentient beings.

BDL Board of Directors


Arun Gurung


Basant Gurung


DB Gurung


Karsang Lama


Kum Gurung

www.buddhismlibrary.org

**Buddhism Digital Library Inc, USA.**

www.buddhismlibrary.org